
# विद्यालय शिक्षा क्षेत्रको योजना

## २०८०/८१- २०८९/९०




कलैया-उपमहानगरपालिका,बारा

मधेश, प्रदेश

**संरक्षक**

श्री बिनोद साह, नगर प्रमुख
श्री रौसन प्रवीण, नगर उप-प्रमुख
श्री नाथु साह, प्रमुख प्रशासकीय अधिकृत

**योजना तयार कार्यदलक सदस्यहरु :**

| | |
|---|---|
| श्री प्रहलाद प्रसाद वर्णवाल | संयोजक |
| श्री नरेन्द्र कुमार निधि | सदस्य |
| श्री रमेश प्रसाद कुशवाहा | सदस्य |
| श्री पवन प्रसाद यादव | सदस्य |
| श्री म. सगीर | सदस्य |
| श्री मनोज प्रसाद | सदस्य |
| श्री विजय अधिकारी | सदस्य-सचिव |

**विशेषज्ञता एवम् प्राविधिक सहयोग**

मनोज यादव, कार्यक्रम प्रवन्धक JJYC Bara


**प्रकाशक**

**कलैया उप-महानगरपालिका, बारा**

**प्रमाणित मिति**

२०८० पुष

**प्रकाशन मिति**

२०८० पुष

**प्राविधिक सहयोगी संस्था**

**VSO/JJYC, Bara** (सहयात्रा परियोजना)

# दुई शब्द



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार पालिकामा /पालिकालाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवहोरालाई आत्मसात गर्दै विद्यालय शिक्षा लगायत समग्र पालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी लागु गर्ने क्रममा रहेको छ।

विद्यालय क्षेत्रको समग्र विकासको लागि यस पालिकाले पनि नगर शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता बिषयमा सुधारका रणनीतिहरु मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट शिक्षाको गुणस्तरीय पहुँच पुर्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका सबै अवसरहरु प्रत्याभूति दिनका लागि यो गाउँ शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरुलाई सामना गर्दै विकसित भई रहेको प्रविधि , ज्ञान र विज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरुको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरुलाई सहज,सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि २०८० देखि २०८९ सम्मको १० बर्षे शिक्षा योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ।

पालिका भित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त संघ, प्रदेश तथा यस पालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरु, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरु,विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ,अन्य सम्बद्ध शैक्षिक संस्थाहरुको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ।

यस कार्यमा प्राविधिक सहयोग गर्ने संस्था VSO Nepal/ NEGRP-2, JJYC, प्राविधिक सहयोग गर्ने विज्ञ योगेन्द्र चापागाईं लगायत यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका शिक्षा युवा तथा खेलकुद शाखा, सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, समितिका पदाधिकारीहरु, शिक्षक, समितिका पदाधिकारी साथै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**बिनोद साह**
**नगर प्रमुख**
**कलैया उपमहानगरपालिका**

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

कलैया उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने कलैया उपमहानगरपालिका तथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति धन्यवाद व्यक्त गर्दछौ ।

यस शिक्षा क्षेत्रको योजनालाई आकारमा ल्याउन आफ्नो महत्वपूर्ण समय दिई निरन्तर प्राविधिक सहयोग गर्नु भएका प्रारम्भिक कक्षा पढाई कार्यक्रम दोस्रोका बारा जिल्ला संयोजक श्री महेश प्रसाद जोशी तथा प्रारम्भिक कक्षा पढाई कार्यक्रम दोस्रो लाई धन्यवाद दिन चाहन्छु । यस शिक्षा क्षेत्रको योजना निर्माणमा महत्वपुर्ण योगदान पुर्याउने प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने गाँउपालिका परिवार, गाँउ शिक्षा समिति, नेपाल शिक्षक महासंघ , शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

शिक्षा, युवा तथा खेलकुद महाशाखा
कलैया उपमहानगरपालिका

# बिषय-सुची

परिच्छेद एक: परिचय ..... 1

१.१ पृष्ठभूमि ..... 1

१.२ पालिकाको सन्दर्भ ..... 2

१.२.१. भौगोलिक स्थिति : ..... 2

१.२.२. जनसांख्यिक संरचना : ..... 2

१.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था : ..... 4

१.२.४ आर्थिक अवस्था : ..... 6

१.३. शैक्षिक सन्दर्भ ..... 9

१.३.१ नीतिगत प्रवन्ध ..... 9

१.३.२. अबस्था उपलब्धि र अन्तर ..... 11

१.३.३ प्रमुख समस्याहरु, चुनौति र अवसरहरु ..... 15

१.४ योजना निर्माण प्रक्रिया ..... 17

परिच्छेद दुई: दुरदृष्टी, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धि सुचकहरु ..... 18

२.१ सन्दर्भ ..... 18

२.२ दूरदृष्टि ..... 19

२.३ लक्ष्य ..... 19

२.४ उदेश्य ..... 19

२.५ रणनीति ..... 19

परिच्छेद तीन: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु ..... 26

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ..... 26

३.१.१ परिचय ..... 26

३.१.२ वर्तमान अवस्था ..... 26

३.१.३ उद्देश्य ..... 28

३.१.४ रणनीति ..... 28

३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... 29

३.२ आधारभूत शिक्षा ..... 31

३.२.१ परिचय ..... 31

३.२.२ वर्तमान अवस्था ..... 33

३.२.३ उद्देश्य ..... 33

३.२.४ रणनीति ........ 34
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........ 36
३.३ माध्यमिक शिक्षा ........ 38
३.३.१ परिचय ........ 38
३.३.२ वर्तमान अवस्था ........ 38
३.३.३ उद्देश्य ........ 40
३.३.४ रणनीति ........ 40
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 41
३.४ पाठ्यक्रम तथा मूल्याङ्कन ........ 43
३.४.१ परिचय ........ 43
३.४.२ वर्तमान अवस्था ........ 44
३.४.३ अवसर तथा चुनौति ........ 44
३.४.४ उद्धेश्य ........ 45
३.४.५ रणनीति ........ 45
३.४.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 45
३.५ शिक्षक व्यवस्थापन र विकास ........ 47
३.५.१ परिचय ........ 47
३.५.२ वर्तमान अवस्था ........ 47
३.५.३ अवसर तथा चुनौति ........ 48
३.५.४ उद्देश्य ........ 48
३.५.५ रणनीति ........ 48
३.५.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 49
३.६ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ ........ 51
३.६.१ परिचय ........ 51
३.६.२ वर्तमान अवस्था ........ 51
३.६.३ अवसर तथा चुनौति ........ 52
३.६.४ उद्धेश्य ........ 52
३.६.५ रणनीति ........ 52
३.६.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 53
परिच्छेद चार: अन्तर सम्बन्धित बिषय तथा क्षेत्रहरु ........ 54

४.१ शैक्षिक समता र समावेशीकरण ........ 54
४.१.१ परिचय ........ 54
४.१.२ वर्तमान अवस्था ........ 55
४.१.३ उद्देश्य ........ 56
४.१.४ रणनीति ........ 56
४.१.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 56
४.२ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा ........ 57
४.२.१ परिचय ........ 57
४.२.२ वर्तमान अवस्था ........ 58
४.२.३ उद्देश्य ........ 59
४.२.४ रणनिति ........ 59
४.२.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 60
४.३ छात्रवृत्ति ........ 60
४.३.१ परिचय ........ 60
४.३.२ वर्तमान अवस्था ........ 61
४.३.३ अवसर र चुनौति ........ 61
४.३.४ उद्देश्य ........ 61
४.३.५ रणनीति ........ 62
४.३.६ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 62
४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ 63
४.४.१ परिचय ........ 63
४.४.२ वर्तमान अवस्था र चुनौती ........ 64
४.४.३ उद्देश्य ........ 64
४.४.४ रणनीति ........ 65
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 65
४.५ विद्यालय भौतिक पूर्वाधार विकास ........ 66
४.५.१ परिचय ........ 66
४.५.२ वर्तमान अवस्था ........ 66
४.५.३ अवसर र चुनौति ........ 67
४.५.४ उद्देश्य ........ 67

४.५.५ रणनीति........................................................................................................67
४.५.६ उपलब्धि, नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................................68
४.६ विद्यालयमा सूचना तथा संचार प्रविधि.......................................................................69
४.६.१ परिचय..............................................................................................................69
४.६.२ वर्तमान अवस्था...................................................................................................70
४.६ .३ अवसर र चुनौतिहरु ............................................................................................71
४.६.४ उद्देश्य..............................................................................................................71
४.६.५ रणनीति.............................................................................................................71
४.६.६ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य .........................................................72
परिच्छेद पाँच: सुशासन तथा व्यवस्थापन .........................................................................74
५.१ संस्थागत क्षमता विकास.........................................................................................74
५.१.१ परिचय ..............................................................................................................74
५.१.२ वर्तमान अवस्था...................................................................................................76
५.१.३  उद्देश्य.............................................................................................................79
५.१.४ रणनीति.............................................................................................................79
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य .......................................................80
५.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध...................................................................82
५.२.१ परिचय..............................................................................................................82
५.२.२ वर्तमान अवस्थाः...................................................................................................82
५.२.३ चुनौती तथा अवसरहरुः..........................................................................................82
५.२.४ उद्धेश्य .............................................................................................................83
५.२.५ रणनिति.............................................................................................................83
५.२.६ उपलब्धि, नतिजा, प्रमुख कृयाकलाप र लक्ष्य उपलब्धि ................................................83
परिच्छेद छ: अनुगमन तथा मूल्याङ्कन ...............................................................................85
६.१ अनुगमन तथा मूल्याङ्कन.........................................................................................85
६.१.१ परिचय..............................................................................................................85
६.१.२ वर्तमान अवस्थाः...................................................................................................85
६.१.३ अवसर र चुनौती .................................................................................................86
६.१.४ उद्देश्यहरुः.........................................................................................................86
६.१.५ रणनीतिहरुः .......................................................................................................86

६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 87
परिच्छेद सात: लगानी र स्रोत व्यवस्थापन ........ 89
७.१ परिचय ........ 89
७.२ वर्तमान अवस्था ........ 89
७.३ अवसर तथा चुनौतीहरु ........ 90
७.४ उद्देश्य ........ 90
७.५ रणनीतिहरू ........ 90
७.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ........ 91
परिच्छेद आठ: मुख्य उपलब्धी सूचकहरु ........ 92

# परिच्छेद एक: परिचय

## १.१ पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मुल आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भुमिका खेल्नसक्छ । त्यसैले नै, समाज रुपान्तरण तथा परिवर्तन, सामाजीकीकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभाबशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा रहदैआएको छ। शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा शिक्षाको अहम् भुमिका रहेको छ। शिक्षाको विकास नै समग्र नगरको विकासको एक प्रमुख आधार हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। संघीय स्वरुपको राज्य ब्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आआफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तब्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६,१५औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारलेआफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरीगाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ। उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ।

हरेक आवमा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगमि दिनमा एकमुष्ट संद्यीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले बार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ। शिक्षा क्षेत्रको सुधारका लागि एवम् पालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि पनि ब्यवहारिक रुपमा कार्यान्वयन योग्य योजनाको विकल्प नभएको हालको अवस्था रहेको छ ।

सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न पालिकाका आवश्यकताहरु पुरा गर्न आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्षे योजना तयार गर्नु आजको आवश्यकता रहेकोले कलैया उपमहानगरपालिकाले आफ्नो शिक्षा योजना क्षेत्रको सुधार तथा विकासको लागि यो योजना तयार गरेको छ।

## १.२ पालिकाको सन्दर्भ

### १.२.१. भौगोलिक स्थिति :

बारा जिल्लाको पहिलो उप-महानगरपालिकाको रुपमा चिनिने कलैया उप-महानगरपालिका २६°५६' उत्तरी अक्षांश देखि २७°०६' उत्तरी अक्षांश सम्म ८४°५६' पुर्बी देशान्तर देखि ८५°०३' पुर्बी देशान्तर सम्म फैलिएर रहेको छ । यस उपमहानगरपालिकाको कूल क्षेत्रफल १०८.९४ वर्ग किलोमिटर रहेकोछ। यस पालिकाको पूर्वमा महागढीमाई नगरपालिका, करैयामाई र देवताल गाँउपालिका, पश्चिममा जीतपुर सिमरा उप-महानगरपालिका विश्रामपुर, फेटा, र प्रसौनी गाँउपालिका, दक्षिणमा भारतको बिहार राज्य र उत्तरमा जीतपुर सिमरा उपमहानगरपालिका संग सिमाना जोडिएको छ। यसलाई प्रशासनिक रुपमा २७ वटा वडाहरुमा विभाजन गरीएको छ। यहाँको भूस्वरुप समथर तराई क्षेत्र अन्तरगत पर्दछ। यहाँको हावापानी उष्ण-मनसुनी रहेको छ । पर्यटकीय स्थलको रुपमा श्री सिद्धेश्वर नाथ मन्दिर,जामे मस्जिद कलैया-६,चिमनी माई मन्दिर ,बरेवा दरबार,मुक्तेश्वर महादेव मन्दिर र राम जानकी मन्दिर रहेको छ।


### १.२.२. जनसांख्यिक संरचना :

राष्ट्रिय जनगणना २०७८ अनुसार कलैया उप-महानगरपालिका को कुल जनसंख्या १,३६,२२२ रहेको छ , जसमा पुरुषको कुल जनसंख्या ७०,३५८ (५१.६५ %) र महिलाको कुल जनसंख्या ६५,८६४ (४८.३५%) रहेको छ। यसको आधारमा हेर्दा पुरुषको जनसंख्या महिला भन्दा ४४९४ बढी देखिन्छ। कलैया उप-महानगरपालिकाको परिवार संख्या २२,१२५ परिवारको औसत आकार ६.१६ ,लैंगिक अनुपात १०६.८२, बार्षिक जनसंख्या वृद्धि दर (०.९८%) र जनघनत्व १२५० रहेको छ।

### कलैया उप-महानगरपालिकाको उमेर समुह अनुसारको जनसंख्या तालिका

| उमेर समूह अनुसारको जनसंख्या विवरण (५ वर्ष उमेर समूह) | | |
|---|---|---|
| उमेर समूह | पुरुष | महिला |
| 95+ | 33 | 21 |
| 90-94 | 25 | 32 |
| 85-89 | 81 | 66 |
| 80-84 | 183 | 151 |
| 75-79 | 607 | 490 |
| 70-74 | 1403 | 1253 |
| 65-69 | 1598 | 1455 |
| 60-64 | 1772 | 1704 |
| 55-59 | 1948 | 1769 |
| 50-54 | 2887 | 2277 |
| 45-49 | 3187 | 3009 |
| 40-44 | 4020 | 3424 |

| | | |
|---|---|---|
| 35-39 | 4452 | 4900 |
| 30-34 | 4447 | 4836 |
| 25-29 | 5211 | 5589 |
| 20-24 | 6405 | 5996 |
| 15-19 | 7946 | 7085 |
| 10-14 | 8424 | 7797 |
| 05-09 | 8307 | 7663 |
| 00-04 | 7422 | 6347 |




श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

## वडा अनुसार जनसंख्याको बनौट

| वडा अनुसार जनसंख्या विवरण | | |
|---|---|---|
| वडा नं. | पुरुष | महिला |
| 1 | 4925 | 4567 |
| 2 | 2620 | 2412 |
| 3 | 2555 | 2409 |
| 4 | 3061 | 2742 |
| 5 | 2932 | 2781 |
| 6 | 3319 | 2960 |
| 7 | 1736 | 1707 |
| 8 | 1402 | 1340 |
| 9 | 2316 | 2213 |
| 10 | 3563 | 3425 |
| 11 | 2414 | 2289 |
| 12 | 3130 | 2908 |
| 13 | 2698 | 2471 |
| 14 | 2803 | 2623 |

| | | |
|---|---|---|
| 15 | 2094 | 2002 |
| 16 | 3226 | 3033 |
| 17 | 1616 | 1570 |
| 18 | 3156 | 2992 |
| 19 | 2200 | 2081 |
| 20 | 3993 | 3752 |
| 21 | 1932 | 1817 |
| 22 | 1863 | 1763 |
| 23 | 2163 | 1970 |
| 24 | 1785 | 1723 |
| 25 | 2035 | 1827 |
| 26 | 2293 | 2106 |
| 27 | 2528 | 2381 |




श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

## १.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था :

कलैया उपमहानगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । साथै यो पालिकाले ऐतिहासिक राजनितिक तथा धार्मिक ईतिहास बोकेको छ । ऐतिहासिक वरेवा दरबार यसै पालिकामा रहेको छ । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । यहाँ बसोबास गर्ने मुख्य जातिहरु तेली, कुर्मी, मुसलमान,यादव,कलवार,मलाह,चमार/हरीजन/राम,कोईरी/कुशवाहा,धानुक,दुसाध,नुनिया,धोबी,लोहार,राजपुत,कायस्थ,भूमिहार,मुसहर,थारु,डोम,गिरी,नेटुवा,तत्मा,कहार,नेवार,कुम्हार,हजाम,सोनार,बनिया,सन्यासी,सरभंग,कठ्बनिया,बरै,गोढ,माली, धुनिया,मारवाडी,केवट, ब्राह्मण,क्षेत्री आदी हुन् । मिश्रीत जातजातीको बसोबास रहेको यस पालिकामा मुख्य बोलीचालीको भाषा करीब ९० प्रतिशत भोजपुरी रहेको छ साथै मैथिली तथा नेपाली भाषा पनि बोलिन्छन् ।

यो स्थानीय तहमा हिन्दू, मुस्लिम धर्मावलम्बीहरु बसोबास गर्छन् साथै न्युन मात्रामा क्रिश्चियन तथा बौद्ध धर्मावलम्वीहरु पनि रहेका छन । उनीहरुले कृष्णाष्टमी, तीज, जनैपुर्णिमा, दशै, तिहार, छठ पुजा, फागुपूर्णिमा (होली) , जितिया, रमजान, ईद, वकरईद, रामनवमी, विवाह पञ्चमी,ल्होसार आदि जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ । अनेकता बीच एकताका कारण सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

## धर्म अनुसार जनसंख्या

| Areas | Total Population | Religion | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Hindu | Bouddha | Islam | Kirat | Christian | Prakriti | Bon | Jain | Bahai | Sikha |
| **TOTAL** | 136222 | 106908 | 17 | 29237 | 42 | 15 | 3 | 0 | 0 | 0 | 0 |
| **MALE** | 70358 | 55738 | 9 | 14578 | 23 | 8 | 2 | 0 | 0 | 0 | 0 |
| **FEMALE** | 65864 | 51170 | 8 | 14659 | 19 | 7 | 1 | 0 | 0 | 0 | 0 |

श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

## जातजाति अनुसार जनसंख्या

| SN | CASTE | TOTAL | MALE | FEMALE |
|---|---|---|---|---|
| **1** | Musalman | 28415 | 14312 | 14103 |
| **2** | Yadav | 14713 | 7801 | 6912 |
| **3** | Kurmi | 10597 | 5544 | 5053 |
| **4** | Kanu | 9506 | 5013 | 4493 |
| **5** | Chamar/Harijan/Ram | 8131 | 4236 | 3895 |
| **6** | Dhanuk | 7482 | 3912 | 3570 |
| **7** | Koiri/Kushwaha | 7233 | 3796 | 3437 |
| **8** | Teli | 6976 | 3712 | 3264 |
| **9** | Tharu | 4682 | 2371 | 2311 |
| **10** | Kalwar | 4230 | 2244 | 1986 |
| **11** | Dusadh/Pasawan/Pasi | 2992 | 1570 | 1422 |
| **12** | Mallaha | 2936 | 1530 | 1406 |
| **13** | Lohar | 2533 | 1324 | 1209 |
| **14** | Brahman – Tarai | 2242 | 1153 | 1089 |
| **15** | Kumhar | 2164 | 1129 | 1035 |
| **16** | Hajam/Thakur | 1960 | 1019 | 941 |
| **17** | Sonar | 1926 | 996 | 930 |
| **18** | Nuniya | 1437 | 776 | 661 |
| **19** | Baniyan | 1179 | 636 | 543 |
| **20** | Sanyasi/Dasnami | 1133 | 597 | 536 |
| **21** | Kathabaniyan | 1030 | 535 | 495 |
| **22** | Dhobi | 1016 | 565 | 451 |

| | | | | |
|---|---|---|---|---|
| 23 | Foreigner | 1014 | 85 | 929 |
| 24 | Baraee | 981 | 517 | 464 |
| 25 | Gondh/Gond | 972 | 515 | 457 |
| 26 | Brahman – Hill | 923 | 460 | 463 |
| 27 | Rajput | 718 | 365 | 353 |
| 28 | Mali | 643 | 349 | 294 |
| 29 | Kshetri | 634 | 311 | 323 |
| 30 | Tatma/Tatwa | 598 | 308 | 290 |
| 31 | Majhi | 589 | 316 | 273 |
| 32 | Kahar | 551 | 289 | 262 |
| 33 | Dom | 441 | 229 | 212 |
| 34 | Kayastha | 428 | 208 | 220 |
| 35 | Bin | 423 | 211 | 212 |
| 36 | Thakuri | 284 | 146 | 138 |
| 37 | Newa: (Newar) | 255 | 124 | 131 |
| 38 | Badhaee/Badhee | 227 | 121 | 106 |
| 39 | Kumal | 219 | 114 | 105 |
| 40 | Bhumihar | 214 | 121 | 93 |
| 41 | Marwadi | 199 | 110 | 89 |
| 42 | Gaderi/Bhediyar | 163 | 76 | 87 |
| 43 | Dhunia | 154 | 68 | 86 |
| 44 | Bishwokarma | 137 | 67 | 70 |
| 45 | Magar | 133 | 56 | 77 |
| 46 | Rauniyar | 107 | 57 | 50 |
| 47 | Dhankar/ Dharikar | 95 | 52 | 43 |
| 48 | Natuwa | 92 | 52 | 40 |
| 49 | Others | 89 | 42 | 47 |
| 50 | Kewat | 81 | 46 | 35 |
| 51 | Musahar | 61 | 30 | 31 |
| 52 | Yakkha | 53 | 30 | 23 |
| 53 | Pattharkatta/ Kushwadiya | 53 | 29 | 24 |
| 54 | Bangali | 49 | 24 | 25 |
| 55 | Haluwai | 33 | 13 | 20 |
| 56 | Tamang | 24 | 11 | 13 |
| 57 | Pariyar | 21 | 11 | 10 |
| 58 | Not stated | 21 | 12 | 9 |
| 59 | Mijar | 16 | 6 | 10 |
| 60 | Rai | 14 | 6 | 8 |

श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

## १.२.४ आर्थिक अवस्था :


आ.ब. २०८०/२०८१ मा नेपाल सरकार समानिकरण अनुदान रु. २७,०७,००,०००.०० नेपाल सरकार शशर्त अनुदान चालु रु. ५३,२६,००,०००.०० नेपाल सरकार शशर्त अनुदान पुजिगत ३६,००,०००.०० नेपाल सरकार समपुरक अनुदान रु.

३,५०,००,०००.०० नेपाल सरकार बिषेश अनुदान रु. ५४,००,०००.०० प्रदेश सरकार समानिकरण अनुदान रु. २,०६,८५,०००.०० प्रदेश सरकार शशर्त अनुदान रु. ०.०० प्रदेश सरकार बिषेश अनुदान रु.७५,००,०००.०० प्रदेश सरकार समपुरक अनुदान रु. ५०,००,०००,०० संघीय सरकार राजश्व वाडफाड रु. १८,८८,२९,०००.०० प्रदेश सरकार राजश्व वाडफाड रु.२,५०,००,०००.०० स्थानीय राजश्व वाडफाडबाट रु. सरकार राजश्व वाडफाड रु.२,५०,००,०००.०० स्थानीय राजश्व वाडफाडबाट रु. ४,००,००,०००.०० आन्तरीक श्रोतबाट रु. ३९,८८,५२, २५००० जनसहभागिताबाट प्राप्त रु १,००,००,०००.०० र गत बर्षको आल्या रु. ७,००,०००.०० गरी कुल जम्मा रु. १,५४,३८,६६,२५०.०० आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।अगामी आ.ब. २०८०/२०८१ मा सो बाट चालु खर्च (पालिका) ३८,७२,००,०००.०० र पुजीगत खर्च ( पालिका) ५६,७५,६६,२५०.००, चालु (शशर्त संघ) ५३,२६,००,०००.०० र पुजीगत खर्च (शशर्त संघ) ३६,००,०००.०० समपुरक खर्च (संघ) ३,५०,००,०००.०० बिषेश खर्च (संघ) ५४,००,०००.०० चालु खर्च (प्रदेश) ०.०० र पुजीगत खर्च (शशर्त प्रदेश ) ०.०० समपुरक खर्च (प्रदेश) ५०००००.०० र बिषेश खर्च (प्रदेश) तर्फ रु. ७५०००००.०० गरी जम्मा रु. १,५३,२८,६६,२५०.०० खर्च अनुमान गरीएको छ।


(श्रोत:कलैया उपमहानगरपालिकाको आ.ब.२०८०/०८१ को बजेट बक्तब्य)

त्यसैगरी यस स्थानीय तहको आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था तल प्रस्तुत गरिएको छ।


१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्या




१० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या





१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या



श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

१० वर्ष र सोभन्दा माथिका आर्थिक रुपमा सक्रिय रहेका व्यक्तिहरुको आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था अनुसारको जनसंख्या




१० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसंख्या




श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

| Age Groups in Years | Total Population 10 Yrs. and above | | Economic Activity Performed | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Economically Active | | | | | | Not Economically Active | | Economic Activity Not Stated | |
| | | | Usually Active | | | | Not Usually Active | | | | | |
| | | | Employed | | Unemployed | | | | | | | |
| | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female | Male | Female |
| Total | 54629 | 51854 | 29075 | 5989 | 1592 | 1723 | 6210 | 12253 | 17726 | 31867 | 26 | 22 |
| 10 - 14 Years | 8424 | 7797 | 133 | 92 | 271 | 245 | 1615 | 1464 | 6405 | 5995 | 0 | 1 |
| 15 - 19 Years | 7946 | 7085 | 1217 | 286 | 283 | 268 | 1482 | 1564 | 4964 | 4965 | 0 | 2 |
| 20 - 24 Years | 6405 | 5996 | 3103 | 627 | 368 | 284 | 797 | 1491 | 2135 | 3592 | 2 | 2 |
| 25 - 29 Years | 5211 | 5589 | 3799 | 748 | 206 | 215 | 427 | 1464 | 776 | 3159 | 3 | 3 |
| 30 - 34 Years | 4447 | 4836 | 3769 | 823 | 117 | 183 | 236 | 1259 | 322 | 2569 | 3 | 2 |
| 35 - 39 Years | 4452 | 4900 | 3922 | 899 | 80 | 150 | 211 | 1266 | 234 | 2581 | 5 | 4 |
| 40 - 44 Years | 4020 | 3424 | 3641 | 660 | 66 | 118 | 170 | 877 | 142 | 1767 | 1 | 2 |
| 45 - 49 Years | 3187 | 3009 | 2846 | 610 | 43 | 99 | 165 | 743 | 130 | 1554 | 3 | 3 |
| 50 - 54 Years | 2887 | 2277 | 2475 | 444 | 50 | 56 | 162 | 600 | 198 | 1177 | 2 | 0 |
| 55 - 59 Years | 1948 | 1769 | 1550 | 317 | 31 | 52 | 158 | 402 | 203 | 998 | 6 | 0 |
| 60 - 64 Years | 1772 | 1704 | 1151 | 231 | 26 | 20 | 186 | 389 | 408 | 1063 | 1 | 1 |
| 65 - 69 Years | 1598 | 1455 | 827 | 156 | 25 | 17 | 226 | 318 | 520 | 963 | 0 | 1 |
| 70 - 74 Years | 1403 | 1253 | 468 | 65 | 17 | 15 | 231 | 274 | 687 | 898 | 0 | 1 |
| 75+ Years | 929 | 760 | 174 | 31 | 9 | 1 | 144 | 142 | 602 | 586 | 0 | 0 |

श्रोत:केन्द्रीय तथांक बिभाग,राष्ट्रिय जनगणना-२०७८

कलैया उपमहानगरपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरुको मुख्य पेशा कृषि रहेतापनि केहि व्यक्तिहरु व्यापार,व्यवसाय,रोजगारी,पर्यटन,उद्योग,निर्माण,सेवामा संलग्न रहेका छन् । कम आय भएको मुलुकबाट नेपाललाई मध्यम

आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन कलैया उपमहानगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था सुधार गर्नमा मद्दत गरेको देखिन्छ ।

## १.३. शैक्षिक सन्दर्भ

नेपालको शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा बाल शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत तथा धार्मिक र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ । आधारभूत तहलाई अनिवार्य तथा नि:शुल्क गरिएको छ भने माध्यमिक तह नि:शुल्क रहने ब्यवस्था गरिएको छ । विद्यालय शिक्षालाई  नीजि लगानीबाट संस्थागत र सरकारी लगानीबाट सामुदायिक विद्यालयको ब्यवस्थापन गरिएको छ ।

## १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ, साथै संविधानको भाग ३ मा मौलिकहकको व्यवस्था गरीएको छ जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा शिक्षालाई नागरीकको आधारभुत अधिकारको रुपमा व्यवस्था गरी  प्रत्येक नागरीकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क,माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुप ले विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टीविहिन नागरीकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरीएको छ । यसै गरी संविधानको धारा ३८ मा  महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसै गरीनेपालको संविधान २०७२ मा वालवालिकाको हक अन्तर्गत प्रत्येक वालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक, मानसिक वा कुनै  किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ त्यसै गरी  दलितको हक अन्तर्गत आधारभुत तहबाट उच्च तह सम्म छात्रवृत्ती सहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक, प्राविधिक व्यवसायिक, सिपमुलक, रोजगारमुलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एबं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लागानी अभिबृद्दि गर्ने कुरा उल्लेख छ साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ । त्यस्तै १५ औ  आवधिक योजनामा गुणस्तरिय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नब प्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ ।

यसैगरी विद्यालय क्षेत्र विकास योजना २०७३/०७४-२०७९/०८० ले समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरीकलाई सहजरुपले जिवन यापन गर्न चाहिने पुर्ण कार्यमुलक साक्षरता गणितिय सिप़ तथा आधारभुत जिवनोपयोगी सिपको विकासको अबसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्दमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रबर्तनात्मक र मुल्य उन्मुख नागरीकको विकासमा योगदान

पुर्याउने दुरदृष्टि राखेको छ । राष्ट्रिय शिक्षा निति २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधीमैत्रि रोजगारमुलक र उत्पादनशिल बनाई देशको आवश्यकता अनुरुपको मानब संसाधन विकास गर्ने लक्ष्य राखेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२/२३ देखि २०३१/३२ ले विद्यालय शिक्षाको पहुँच, गुणस्तर, सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन र सुशासन, वैकल्पिक शिक्षाको सबलीकरण जस्ता कुरामा जोड दिएको छ ।

कलैया उप-महानगरपालिकाले शिक्षा क्षेत्रको विकास तथा सुधारमा निरन्तर जोड दिदै आएको छ । यो पालिकाको आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रममा समावेश गरिएका शिक्षा सम्बन्धि नीतिगत व्यवस्था यस प्रकार रहेको छ ।

- ❖ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न विशेष ध्यान दिइनेछ ।
- ❖ सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाउँमा दरबन्दी मिलान गर्दै विद्यालय सुधारका कार्य अगाडि बढाइनेछ र न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिकैको विद्यालयमा समायोजन गरि शिक्षक दरबन्दी समेत मिलान गरिनेछ ।
- ❖ माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा गणित प्रयोगशाला स्थापना गरिनेछ ।
- ❖ कमजोर सिकाई उपलब्धी भएका विद्यार्थीहरुलाई शैक्षिक सुधार गर्न अतिरिक्त कक्षा संचालनको लागि रकम उपलब्ध गराईनेछ ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई नि:शुल्क सेनिटरी प्याड उपलब्ध गराईनेछ ।
- ❖ बालविकास सहजकर्ता विकास तालिम र शिक्षकहरुको पेशागत तालिम प्रदान गरिनेछ ।
- ❖ विद्यालय सहायक र प्र.अ.लाई SIP, EMIS र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।
- ❖ सामुदायिक विधालयका प्रधानाध्यापकहरुलाई साबिक देखि दिदै आएको प्र. अ. भत्ता पुनरावलोकन गरीनेछ ।
- ❖ विद्यालयमा अतिरिक्त कृयाकलाप नियमित रुपमा महिनाको कम्तिमा दुई शुक्रवार संचालन गर्नु पर्नेछ ।
- ❖ सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा शिक्षणको लागी प्रोत्साहन गरिनेछ ।
- ❖ कक्षा ४ सम्म गणित बिषय अग्रेजी माध्यमबाट अध्ययन अध्यापन हुदै आएकोमा अगामी आ.ब. कक्षा ५ मा गणित बिषयको साथै बिज्ञान तथा प्रबिधि थप बिषयलाई समेत अंग्रेजी माध्यमबाट शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु लाई दिदै आएको प्रोत्साहन अनुदान लाई निरन्तरता दिइनेछ । "एक विद्यालय एक फुलवारी (One school One garden)" कार्यक्रम संचालन गरिनेछ ।
- ❖ लक्षित समुह तथा पिछडिएको क्षेत्रमा भएको विभेदलाई न्यूनिकरण गर्दै शिक्षा प्रणालीमा पहुँच सहभागिता तथा सिकाइ उपलब्धीका दृष्टिले समावेशिता तथा समता सुनिश्चित गरिनेछ ।
- ❖ बालविकास देखि कक्षा ६ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरीनेछ र संघिय अनुदान अनुसार पुनरावलोकन गरिने छ ।
- ❖ विद्यालयको भौतिक निर्माण विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ उत्कृष्ट विद्यालयको प्रधानाध्यापक र शिक्षकलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- ❖ नगर भित्रका टुहुरा, असाहय बालबालिकाहरुलाई निःशुल्क आवास र अध्ययनको व्यवस्था गरिनेछ ।
- ❖ विद्यालयमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।
- ❖ १० वर्षे नगर शिक्षा योजना तथा पार्श्वचित्र निर्माण गरिनेछ ।
- ❖ सबै विद्यालयमा वि.व्य.स. र शि.अ.स. रहने सुनिश्चितता गरिनेछ ।
- ❖ प्रत्येक विद्यालयमा अतिरीक्त कृयाकलाप संचालनलाई व्यवस्थित गरिनेछ ।

- बिधालयलाई शिक्षा बिज्ञान तथा प्रविधी मन्त्रालयले तोकेको रंगमा रंगाउने कार्यक्रम संचालन गरिनेछ।
- शिक्षा तथा खेलकुद महाशाखामा हुने विभिन्न कार्यलाई छिटो छरितो तथा सहज बनाउनका लागि आवश्यक विभिन्न सफ्टवेयरहरुको व्यवस्था गर्दै लगिनेछ।
- यस पालिकाका प्र. अ. हरुलाई  नमुना तथा उत्कृष्ठ विद्यालयका  भ्रमण गराई त्यहाँका असल अभ्यासलाई अनुकरण गर्न प्रोत्साहित गरिने छ।

## १.३.२. अबस्था उपलव्धि र अन्तर

कलैया उपमहानगरपालिकामा ७१ वटा सामुदायिक विद्यालय र ४५ वटा संस्थागत विद्यालय रहेका छन्। यस कलैया उपमहानगरपालिकामा शैक्षिक सत्र २०८० मा जम्मा सामुदायिक तर्फ जम्मा ३१२८० मध्ये छात्रा १६०५६ र छात्र १५२२४ र संस्थागत तर्फ जम्मा १२५१५ विद्यार्थीहरु मध्ये छात्रा ४६०० र छात्र ७९१५ रहेका छन्। यस उपमहानगरपालिकामा भित्र सामुदायिक विद्यालयमा प्राथमिक शिक्षक दरबन्दी २२५ राहत ६९, नि.मा. दरबन्दी ५८ ,नि.मा. राहत ८,मा.शि. दरबन्दी ४६, मा.शि.राहत ४ र उ.मा.शि. १५ जना रहेका छन्। यसैगरी बालविकास शिक्षक ११४ जना र विद्यालय कर्मचारीहरुमा बिद्यालय सहायक १७ र बिद्यालय सहयोगी ६३ जना रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार कलैया उप-महानगरपालिकाको कुल साक्षरता ६८.१० % जसमध्ये पुरुष साक्षरता ७७.२० % र महिला साक्षरता ५८.५० % रहेको छ। पालिकाको भर्ना सम्बन्धि अवस्थालाई तलको तालिममा प्रस्तुत गरिएको छ।

| सूचक | लिंग | अवस्था २०७९ |
|---|---|---|
| इसीडीको कुल भर्नादर | छात्रा | ८९.५ |
| | छात्र | १०४.४ |
| | जम्मा | ९६.९ |
| इसीडीको खुद भर्नादर | छात्रा | ६१.२ |
| | छात्र | ६९.१ |
| | जम्मा | ६५.२ |
| कुल भर्नादर कक्षा १ | छात्रा | ११९.३ |
| | छात्र | १३०.७ |
| | जम्मा | १२४.८ |
| खुद भर्नादर कक्षा १ | छात्रा | ९२.२ |
| | छात्र | ९४.४ |
| | जम्मा | ९३.३ |
| कुल भर्नादर कक्षा १-५ | छात्रा | ११७.५ |
| | छात्र | १०५.१ |
| | जम्मा | १११.१ |
| खुद भर्नादर कक्षा १-५ | छात्रा | ९८.२ |

| | | |
|---|---|---|
| | छात्र | ९९.१ |
| | जम्मा | ९८.६ |
| कुल भर्नादर कक्षा ६-८ | छात्रा | १२५.६ |
| | छात्र | ११६.२ |
| | जम्मा | १२०.७ |
| खुद भर्नादर कक्षा ६-८ | छात्रा | ९६.१ |
| | छात्र | ९६.८ |
| | जम्मा | ९६.५ |
| कुल भर्नादर कक्षा १-८ | छात्रा | १०३.३ |
| | छात्र | ९२.७ |
| | जम्मा | ९७.८ |
| खुद भर्नादर कक्षा १-८ | छात्रा | ९७.६ |
| | छात्र | ९८.२ |
| | जम्मा | ९७.९ |
| कुल भर्नादर कक्षा ९-१० | छात्रा | ९४.३ |
| | छात्र | ८९.९ |
| | जम्मा | ९१.८ |
| खुद भर्नादर कक्षा ९-१० | छात्रा | ७२.३ |
| | छात्र | ६९.० |
| | जम्मा | ७०.५ |
| कुल भर्नादर कक्षा ११-१२ | छात्रा | ६९.४ |
| | छात्र | ५९.३ |
| | जम्मा | ६४.१ |
| खुद भर्नादर कक्षा ११-१२ | छात्रा | ३५.५ |
| | छात्र | ३२.३ |
| | जम्मा | ३३.८ |
| कुल भर्नादर कक्षा ९-१२ | छात्रा | ८५.४ |
| | छात्र | ७९.९ |
| | जम्मा | ८२.४ |
| खुद भर्नादर कक्षा ९-१२ | छात्रा | ५९.२ |
| | छात्र | ५७.० |
| | जम्मा | ५८.० |

त्यसैगरी यस पालिकाको दोर्हाउने, उत्तिर्ण हुने र कक्षा छोड्नेदरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| सूचक | लिंग | अवस्था २०७९ |
|---|---|---|
| कक्षा १ बाट ५ सम्मको दोहर्याउने दर | छात्रा | 5.3 |
| | छात्र | 6.7 |
| | जम्मा | 6.0 |
| कक्षा ६ बाट ८ सम्मको दोहर्याउने दर | छात्रा | 0.5 |
| | छात्र | 0.9 |
| | जम्मा | 0.7 |
| कक्षा ९ बाट १० सम्मको दोहर्याउने दर | छात्रा | 0.2 |
| | छात्र | 0.2 |
| | जम्मा | 0.2 |
| कक्षा १ बाट ५ सम्मको छोड्ने दर | छात्रा | 1.8 |
| | छात्र | 2.1 |
| | जम्मा | 2.0 |
| कक्षा ६ बाट ८ सम्मको छोड्ने दर | छात्रा | 1.0 |
| | छात्र | 1.8 |
| | जम्मा | 1.4 |
| कक्षा ९ बाट १० सम्मको छोड्ने दर | छात्रा | 0.3 |
| | छात्र | 0.1 |
| | जम्मा | 0.2 |
| कक्षा १ बाट ५ सम्मको उत्तिर्ण दर | छात्रा | 91.6 |
| | छात्र | 90.1 |
| | जम्मा | 90.9 |
| कक्षा ६ बाट ८ सम्मको उत्तिर्ण दर | छात्रा | 98.2 |
| | छात्र | 97.1 |
| | जम्मा | 97.6 |
| कक्षा ९ बाट १० सम्मको उत्तिर्ण दर | छात्रा | 99.1 |
| | छात्र | 99.4 |
| | जम्मा | 99.2 |

त्यसैगरी यस पालिकाको सक्षमताको अवस्थालाई पनि तल प्रस्तुत गरिएको।

| क्षेत्र | सुचक | लिंग | अवस्था २०७९ |
|---|---|---|---|
| आन्तरिक सक्षमता कक्षा १ बाट ५ | कक्षा ५ सम्मको टिकाउदर | छात्रा | 89.4 |
| | | छात्र | 87.8 |
| | | जम्मा | 88.6 |
| | कक्षा ५ सम्मको पुरा गर्ने दर | छात्रा | 84.1 |
| | | छात्र | 81.2 |
| | | जम्मा | 82.7 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | छात्रा | 5.5 |
| | | छात्र | 5.6 |
| | | जम्मा | 5.5 |
| | कक्षा १ बाट ५ आन्तरिक सक्षमता | छात्रा | 91.7 |
| | | छात्र | 89.6 |
| | | जम्मा | 90.6 |
| आन्तरिक सक्षमता कक्षा ६ बाट ८ | कक्षा ८ सम्मको टिकाउदर | छात्रा | 76.4 |
| | | छात्र | 71.8 |
| | | जम्मा | 74.1 |
| | कक्षा ८ सम्मको पुरा गर्ने दर | छात्रा | 75.1 |
| | | छात्र | 70.6 |
| | | जम्मा | 72.9 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | छात्रा | 10.4 |
| | | छात्र | 10.6 |
| | | जम्मा | 10.4 |
| | कक्षा ६ बाट ८ आन्तरिक सक्षमता | छात्रा | 77.3 |
| | | छात्र | 75.4 |
| | | जम्मा | 76.9 |
| आन्तरिक सक्षमता कक्षा ९ बाट १० | कक्षा १० सम्मको टिकाउदर | छात्रा | 70.9 |
| | | छात्र | 65.5 |
| | | जम्मा | 68.2 |
| | कक्षा १० सम्मको पुरा गर्ने दर | छात्रा | 70.9 |
| | | छात्र | 65.5 |
| | | जम्मा | 68.2 |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | छात्रा | 12.8 |
| | | छात्र | 13.2 |
| | | जम्मा | 12.9 |
| | कक्षा ९ बाट १० आन्तरिक सक्षमता | छात्रा | 62.6 |
| | | छात्र | 60.4 |
| | | जम्मा | 61.9 |

## १.३.३ प्रमुख समस्याहरु, चुनौति र अवसरहरु

कलैया उपमहानगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरु तथा समस्याहरु निम्नानुसार छन्।

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु,
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु,
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु,
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु,
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु,
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्नु र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु,
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु,
- विद्यार्थिको अनुपातमा शिक्षकको कमि, तह तथा विषय अनुसार शिक्षक व्यवस्थापन, तालिमको अभाव
- बालमैत्री भौतिक सँरचना तथा आवश्यकताको अधारमा भवन, शौचालय, खानेपानीको अभाव
- अझै पनि विद्यालयहरुमा वि व्य स गठन समयमा नगर्नु
- विद्यालय प्रति अभिभावकहरुको चासोमा कमि
- शैक्षिक सामग्रीको अभाव तथा भएको सामग्रीको पनि उचित प्रयोग नभएको
- कक्षा १ बाट ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन तथा आन्तरिक मूल्यांकनको व्यवहारिक कार्यान्वयन,
- नवीनतम प्रविधिको पहुँच र उपयोग,
- पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग,
- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच,
- तथ्याङ्क विश्लेषण तथा योजनामा त्यसको प्रयोग
- विद्यालयमा विद्यार्थी निरन्तरता तथा टिकाइरहनु
- विपद्को समयमा शिक्षाको निरन्तरता ,
- विद्यालय शिक्षाको सर्वसुलभता,
- उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु,
- विद्यार्थी अनुपातमा शिक्षक दरबन्दि मिलान तथा पुनर्वितरण गर्नु,
- शैक्षिक सुशासन उत्तरदायित्व अभिबृद्दि गर्नु उपमहानगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु,
- शिक्षण सिकाई पद्दतिलाई व्यबहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु
- विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु,
- कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाई उपलब्धी हासिल गर्नु ,

- ❖ शिक्षा क्षेत्रमा सुसाशन र उत्तरदायित्व अभिबृद्दि गर्दै शिक्षकको पेशागत क्षमता अभिबृद्दिका लागि तालिम गोष्ठिको व्यवस्था गर्नु ,
- ❖ सम्पुर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु,
- ❖ स्थानिय विषयका पाठ्य पुस्तकको निर्माण तथा वितरण,
- ❖ विजुली ईन्टरनेट तथा सुचना र प्रविधीको पहुच सम्पुर्ण विद्यालयमा पुर्याउने
- ❖ व्यबहारकुशल सिपलाई बालविकास देखि माध्यामिक तह सम्म एकिकृत गर्ने र सिकाईलाई जीबनोपयोगी बनाउन स्थानिय पाठ्यक्रमलाई लागु गर्ने
- ❖ प्राविधिक तथा व्यबसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने
- ❖ बाल विकास सहयोगी कार्यकर्ता तथा शिक्षकहरुलाई तालिम गोष्ठी सेमिनार को ब्यबस्था गर्ने
- ❖ अध्ययनका लागि डिजिटल सामाग्रिको विकास तथा वितरण
- ❖ शिक्षालाई स्थानीय तहको प्राथमिकतामा राख्नु
- ❖ विद्यालयमा पालिकाको टिमबाट नियमित रुपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गरिरहनु
- ❖ पालिकामा शिक्षक पेशागत सहयोगका लागि विषय विज्ञ समुह गठन तथा परिचालन गर्नु

## अवसरहरु

अवसरको रुपमा हेर्दा यस उपमहानगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागु गरीएको शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु विद्यालय शिक्षामा सुधारका लागि उपमहानगरपालिकामा विभिन्न कार्यक्रम लागु हुनु जस्तैः सहयात्रा कार्यक्रम । सार्वजनिक विद्यालयका अभिभावक तथा सरोकारवालाको चासो र जनअपेक्षा बढ्दै जानु शैक्षिक सुचाङ्कहरुको प्रगति सकारात्मक दिशा तिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका शिक्षाका अधिकार,
- स्थानीय तहमा शिक्षा क्षेत्रमा स्थानीय संघ संस्थाहरूको क्रियाशीलता हुनु ।
- बालबालिकाहरु मुख्य गरेर किशोरीहरु तथा अपाङ्गता भएका बालबालिकाहरुको पहुँच सहभागिता र सिकाइ उपलब्धीको सुधारमा युवा समुह तथा ठुलो दिदिहरुको परिचलान हुनु ।
- साक्षारता लगायतको सिकाइ सुधारले गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह,
- लक्षित बर्गको विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि,
- लैङ्गिक समता सूचकाङ्कमा सकरात्मक परिवर्तन

- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको सहयोगले पालिकाको शिक्षा नीति योजना तथा कार्यकमको सस्थागत क्षमता विकास
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता,
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य,

## १.४ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पुर्याउन प्रतिफल दिने प्रकृयाहरूको समिश्रण नै योजना हो। योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो। यस कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई गम्भिरतापूर्वक अवलम्वन र अनुसरण गरिएको छ।

- मिति २०७९ माघ २७ गतेको नगर शिक्षा समितिको बैठकले शिक्षा योजना तयारको लागि ७ सदस्य कार्यदल गठन भएको।
- मिति २०७९ चैत्र महिनामा शिक्षा योजना लेखन पुर्व सबै सरोकारवालाहरुसँग विद्यालय वडा तथा पालिका स्तरमा कार्यक्रम आयोजना गरी सुझाब संकन गरिएको।
- कार्यदल र विज्ञको सहयोगमा शिक्षा योजनालाई चाहिने विद्यालय तथा पालिकाबाट शैक्षिक तथ्यांकहरु, दस्तावेजहरुको संकलन अध्ययन तथा विश्लेषण गरिएको।
- कार्यदल तथा विज्ञबाट योजनाको मस्यौदा तयार गरिएको।
- निर्माण कार्यदल समितिले २०८० बैशाख र जेठ महिनामा मस्यौदा तयार गर्न सक्रिय रहेको।
- शिक्षा योजनालाई पुन: २०८० मंसिर २९ देखि पुष २ गते सम्म सहयात्रा परियोजनाको सहयोगमा तयार पारिएको मस्यौदा थप संसोधन तथा परिमार्जनका लागि कार्यशाला संचालन भएको।
- मस्यौदा माथिको अन्तिम सुझाबको लागि पुन मिति २०८० माघ गते पालिका स्तरीय कार्यशाला सञ्चालन गरिएको।
- तयार भएको अन्तिम मस्यौदालाई कार्यपालिकाको बैठक बाट मिति......... प्रमाणित गरिएको।

साथै यो योजना तयार गर्दा मुख्य रुपमा संघीय तथा सरकारका नीति कार्यक्रम योजनाको साथै अन्तराष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्दता जाहेर गरेका कुरालाई समेत मुख्य आधार बनाइएको छ। साथै पालिकाले तय गरेको दुरदृष्टि, लक्ष्य र उदेश्यको आधारमा यो योजना निर्माण गरिएको छ। यो शिक्षा योजना तयार गर्न VSO/JJYC ले प्राविधिक सहयोग प्राप्त भएको थियो।

# परिच्छेद दुई: दुरदृष्टी, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धि सुचकहरु

## २.१ सन्दर्भ

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे बिद्यालय शिक्षा क्षेत्रको योजना (२०८०/८१-२०८९/९०) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजना तयार गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस उपमहानगरपालिकाको नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै

स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे बिद्यालय शिक्षा क्षेत्रको योजना (२०८०/८१-२०८९/९०) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

## २.२ दूरदृष्टि

कलैया उप-महानगरपालिकाको प्रतिवद्धता, समावेशी गुणस्तरीय शिक्षा मार्फत सभ्य, स्वावलम्बी,राष्ट्रप्रति सकारात्मक,नैतिकवान जनशक्ति उत्पादन गरि सुखी र समृद्ध समाज निर्माण

## २.३ लक्ष्य

नवप्रवर्तक, दक्ष जनशक्ति, जीवनोपयोगी सीपयुक्त, सामाजिक मूल्य मान्यता, समता र समवेशीताप्रति सचेत नागरिक तयार गर्ने

## २.४ उदेश्य

- प्रारम्भिक बालविकास र शिक्षा देखि माध्यमिक शिक्षाको समन्यायिक पहुँचमा वृद्दि गर्नु ।
- विद्यालय गुणस्तरीय शिक्षाको विकास गरी सिकाइ उपलब्धीमा वृद्दि गर्नु ।
- हरेक विद्यालयमा न्यूनतम भौतिक पुर्वाधारको व्यवस्था गरी समावेशी तथा सुरक्षित सिकाइ वातावरणमा सुधार ल्याउनु।
- स्थानीय परिवेश प्रविधि विषयवस्तु अनुसार स्थानीय पाठ्यक्रम तथा मातृभाषा सामग्रीको विकास गरी कार्यन्वयन गर्नु।
- शिक्षकको पेशागत विकासको लागि मेन्टरिङ प्रणाली लागु गर्नु।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु।
- साक्षर पालिका घोषणा गर्दै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु।

## २.५ रणनीति

### पहुँच वृद्दिका लागि

- ❖ आवश्यकताको आधारमा प्रारम्भिक बालविकास तथा बाल शिक्षा केन्द्र तथा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ।
- ❖ हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिना भित्र विद्यालय स्तरमा वि.ब्य.स. र शि.अ.स. नेतृत्वमा एक कार्यदल निर्माण गरी निश्चित फारामको आधारमा लक्षित वर्ग सम्म पुगी भर्ना अवस्थाको एकिन गरी भर्ना अभियानलाई सशक्त र सबल बनाइने छ।
- ❖ विद्यालय जान नसक्ने वा भर्ना हुन नसक्ने बालबालिकाहरुको लागि भर्ना अभियानको तथ्यांकको आधारमा सहयोग कार्यक्रम सञ्चालन गरिने छ र त्यसको लागि पालिका स्तरमा निश्चित सघन भर्ना सहयोग कार्यक्रम राखिने छ।
- ❖ शैक्षिक सत्रको शुरुमा नै अभिभावक शिक्षा भर्ना कार्यक्रमसँगै हरेक विद्यालयले विद्यालयमा वा समुदायमा निश्चित अभिभावक शिक्षाको तालिम प्याकेज अनुसार सञ्चालन गरिने छ।

- ❖ सिमान्तकृत तथा पछाडिपारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी "पालिकासँग बालबालिका शैक्षिक सहयोग कार्यक्रम" नामक कार्यक्रम लागू गरिनेछ।
- ❖ वडा तथा पालिकास्तरमा सत प्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।

## सिकाइ उपलब्धी सुधारका लागि

- ❖ प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- ❖ प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि "पढ्नको लागि सिक्ने" धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई पुर्ण कार्यान्वयनमा लगिनेछ।
- ❖ सिकाइ सुधारको लागि बालमैत्री तथा क्रियाकलापमा आधारित सिकाइ (ABL) जस्ता विधिलाई जोड दिदै क्रमश प्रविधिमैत्री शिक्षणमा जोड दिइने छ।
- ❖ तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग गर्न शिक्षण सुधार योजना (TIP) लाई पुर्ण रुपमा कार्यान्वयनमा लगिने छ।
- ❖ विद्यालय तहका सबै कक्षा कम लागत अर्थात् Low cost no cost मा आधारित शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री सहित व्यवस्थापन गरिनेछ।
- ❖ प्रत्येकशिक्षकलाई आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको E-Copy उपलब्धतता सहित प्रयोगको अनिवार्यता गर्दै नवीनतम् विधि र प्रविधिको मार्फत सिकाइ सहजीकरण गरिनेछ।
- ❖ शिक्षकको अनुपस्थितिमा खाली घन्टीको व्यवस्थापन गर्न पालिकाबाट आर्थिक स्रोतको व्यवस्था मिलाइने छ।
- ❖ पालिकाले बार्षिक रुपमा सबै तहका शिक्षकलाई सरकारले तय गरेको पाठ्यक्रम र दक्ष प्रशिक्षकबाट छोटा अवधिका तालिम प्रदान गरिने छ। उक्त तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई सोही तालिमको बारे विद्यालयका अन्य शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान गर्नु पर्नेछ व्यवस्थालाई पुर्ण रुपमा कार्यान्वयनमा लगिने छ।
- ❖ हरेक विद्यालयमा महिनाको कम्तिमा १ दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानिय जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि २०८० अनुसारको शिक्षकको पेशागत सहयोग प्रणालीलाई तत्काल कार्यान्वयनमा लगिने छ।
- ❖ कक्षाकोठामा शिक्षक र विद्यार्थीको कक्षाकोठाको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय कार्यविधि २०७४ वा लगबुकलाई तत्काल कार्यान्वयनमा ल्याइने छ।
- ❖ सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ - ३ सम्म थिमगत मूल्यांकन र ४ - १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु गरिने छ।
- ❖ आधारभूत तहको कक्षा ८ को पालिका स्तरीय परीक्षा थप स्तरीय र व्यवस्थित गर्दै सञ्चालन गरिनेछ।
- ❖ आधारभूत तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा लगिने छ।

- ❖ बार्षिक रुपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धी सम्बन्धी एक प्रतिवेदन तयार गरी सबै सरोकारवालाहरु समक्ष बर्षको कम्तिमा १ दिन बार्षिक रुपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको शूरुवात गरिनेछ।
- ❖ बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइ हरेक शुक्रबारलाई बुक फ्रि शुक्रबारका रुपमा वा परियोजना कार्य वा प्रयोगात्मक कार्यका रुपमा सञ्चालनमा ल्याइने छ ।
- ❖ शैक्षिक गुणस्तर अभिवृद्दिका लागि अभिभाबकहरु बीच विद्यालय स्तरमा चौमासिक रुपमा अन्तरक्रिया सञ्चालन गरिनेछ।
- ❖ महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिने छ।
- ❖ सिकाइ सुधारका लागि हरेक २ महिनामा कलस्टर स्तरीय विषयगत बैठकको लागि घुम्ति शिक्षक बैठक सञ्चालनमा ल्याइने छ।
- ❖ शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक भ्रमणको अभ्यासलाई कार्यान्वयनमा लगिने छ।
- ❖ पालिका स्तरीय अन्तर बिद्यालय अतिरिक क्रियाकलापलाई निरन्तरता दिइने छ । विधालय स्तरमा बाल क्लब मार्फत अतिरिक क्रियाकलापलाई निरन्तरता दिइने छ ।
- ❖ नव-नियुक्त शिक्षकहरुलाई mentoring मार्फत पेशागत विकास गरिने छ।
- ❖ सिकाइ क्षति सुधारको लागि आपूरण र द्रुत सिकाइ कार्यक्रमलाई पालिका स्तरमा प्रभावकारीमा नियमित कार्यक्रम जोडि कार्यान्वयनमा लगिने छ।

## सिकाइ वातावरण

- ❖ विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरण सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित भइ विद्यालय सुधार योजनामा तथा पालिका शिक्षा योजनामा आधारित "पालिका शैक्षिक सुधार कार्यक्रम" लागू गरिनेछ।
- ❖ पालिका भित्रका सबै बालविकास तथा बाल शिक्षा सहित सबै तहको विद्यालय शिक्षामा विद्यालय शिक्षा क्षेत्र योजनाले तोकेका न्युनत्तम मापदण्डहरु क्रमागत रुपमा १० बर्ष भित्र पुरा गरिने छ । त्यसको लागि सबै विद्यालयको न्युनत्तम वातावरणको बार्षिक रुपमा अवस्थाको पहिचान गरी सोहि बमोजिम बार्षिक कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।
- ❖ सिकाइ वातावरण सुनिश्चितताका लागि अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम तथा समावेशी तथा सुरक्षित सिकाइ वातावरणमा सुधार ल्याइने छ। त्यसको लागि गुनासो सुनुवाई सयन्त्र तथा बालिका समावेशी शिक्षा सञ्जाललाई निरन्तरता दिदै थप परिचालन गरिने छ।
- ❖ स्रोत कक्षालाई थप ब्यवस्थित तथा शैक्षिक सामग्री सहितको सिकाइ वातावरण तयार गरिने छ।
- ❖ युवा क्लव गठन परिचालन विधालयमा अतिरिक्त क्रियाकलापको साथै हरित विधालयको विकास गरिने छ। साथै ठुली दिदी तथा दौतरी शिक्षा बाट घरमा लक्षित वर्गको सामान्य तथा विपद्को अवस्थामा निरन्तरता दिइनेछ ।

## नेतृत्व, व्यवस्थापन, शुशासन र प्रशासन

- ❖ विव्यसलाई विद्यालय सुधारप्रति जिम्मेवार बनाउन लागि हालको विब्यस गठन प्रक्रियामा सुधार ल्याउन वा विद्यालय सुधारका अन्य क्षेत्रहरु सुधारको लागि नीतिगत ब्यवस्था गर्न कलैया उपमहानगरपालिकाको शिक्षा ऐन तथा नियमालवी २०७४, संशोधन गरी पुर्ण रुपमा कार्यान्वनयमा लगिने छ ।
- ❖ सबै सामुदायिक विद्यालयका प्रअको नियुक्तिको लागि एक कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गरिने छ। प्रत्येक पाँच बर्षमा प्रअको कार्यसम्पादनको मूल्यांकन गरी करार सम्झौता हुने व्यवस्था गरिने छ।
- ❖ पालिकाले बार्षिक रुपमा विद्यालयको प्रअसँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लगिने छ। उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा बार्षिक रुपमा प्रअलाई थप प्रोत्साहन भत्ता प्रदान गरिने छ।
- ❖ वडास्तरीय अनुगमन समितिमार्फत विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने छ।
- ❖ शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयम् सेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
- ❖ नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ।
- ❖ बालिकाका सञ्जालको गठनलाई निरन्तरता तथा प्रभावकारी परिचालनको लागि थप सहयोग गरिने छ।
- ❖ ठुली दिदी परिचालन गरी युवा समुह बाल समुहको सशक्तीकरण तथा अभिभाबक तथा समुदाय परिचालन तथा सचेतनामा जोड दिइने छ।
- ❖ विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार पुर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत ब्यवस्थापन गर्ने रणनीति लिइने छ।
- ❖ विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता थप रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ।
- ❖ विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम गरिनेछ।
- ❖ विद्यालयमा शिक्षाक र विर्धाथी आचारसंहिता निर्माण र कार्यान्वयन गरिनेछ।
- ❖ हरेक वर्ष विद्यालयको ERO ले विकास गरेको साधन प्रयोग गरी कार्य सम्पादन मूल्यांकन गरिनेछ।
- ❖ सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। उक्त कार्यको सघन रुपमा शिक्षा शाखाबाट मूल्यांकन गरी गुणस्तर एकिन गरिनेछ र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिने अभ्यासलाई कार्यान्वयनमा लगिनेछ।
- ❖ समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिनेछ।

## साक्षरता अभियान

- ❖ विभिन्न संघसस्था, उच्च शिक्षा, कक्षा ११ र १२ का विद्यार्थीहरु, शिक्षकहरु सहित सबै निकायहरु परिचालन गरी साक्षर पालिका घोषणा गरिने छ।
- ❖ साक्षर पालिका घोषणा गर्न तथा निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रलाई थप प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- ❖ माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।

## आपतकालिन शिक्षा

- ❖ संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न वृहत सुक्षा योजना  तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाइने छ।
- ❖ विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- ❖ विपद् ब्यवस्थापन तथा तयारिका लागि एक कार्यविधि मार्फत पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिने छ।

## उच्च तथा प्राविधिक शिक्षा

- ❖ उच्च शिक्षा तथा प्राविधिक एवम् ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि थप प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ।

# मुख्य कार्यसम्पादन सुचकहरु

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | २०७९ | २०८५ | २०८९ |
| १.१ | प्रारम्भिक वालविकास तथा शिक्षा | प्रारम्भिक वालविकास तथा शिक्षाको कूल भर्ना दर (%) | ९६.९ | ९८ | १०० |
| १.२ | | प्रारम्भिक वालविकास तथा शिक्षामा खुद भर्ना दर (%) | ६५.२ | ७० | ७५ |
| १.३ | | न्युनतम योग्यता पुरा भएका सहजकर्ताको प्रतिशत | १०० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त सहजकर्ताको प्रतिशत | ४० | ७५ | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिक (%) | ६७ | ७४ | ८० |
| २.१ | आधारभुत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९३.३ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | १२४.८ | १२० | ११५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (%) | | | |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९८.६ | ९९ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | १११.१ | १२० | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९६.५ | ९८ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १२०.७ | १०६ | १०३ |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९७.९ | ९८ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ९७.८ | १०० | १०० |
| २.९ | | आधारभूततह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ |
| २.१० | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ७४.१ | ८७ | ९० |
| २.११ | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | ७२.९ | ७७ | ८० |
| २.१२ | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १-८ | २.१ | १ | ० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ७०.५ | ७४ | ८० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ९१.८ | १०० | १०० |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | ३३.८ | ३७ | ४० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर (%) | ६४.१ | ७० | ७३ |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५८ | ६३ | ७० |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ८२.४ | ९० | ९५ |
| ३.७ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ६८.२ | ७३.१ | ८० |
| ३.८ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ३६ | ४७ | ५० |
| ३.९ | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९५ | १ | १ |
| ४ | साक्षरता | ५ बर्षमाथिको साक्षरता दर | ६८.१ | ६७ | ७० |
| ५.१ | महिला शिक्षक प्रतिशत | आधारभूत तह (कक्षा१-८) | २५ | ३० | ३५ |
| ५.२ | | माध्यमिकतह (कक्षा९-१२) | १० | १५ | २० |
| ६.१ | PMEC पुरा गरेका विद्यालयको प्रतिशत | बालविकास | ५ | २५ | ५० |
| ६.२ | | आधारभुत | २५ | ३५ | ५० |
| ६.३ | | माध्यमिक | ३० | ३५ | ४५ |
| ७. | बजेट प्रतिशत | स्थानीय तहको कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | २.६२ | ८ | १२ |
| ८.१ | छोड्नेदर | आधारभूत तह (कक्षा१-५) | २ | १ | ० |
| ८.२ | | आधारभूततह (कक्षा ६-८) | १.४ | १ | ० |
| ८.३ | | माध्यमिकतह (कक्षा ९-१०) | ०.२ | ० | ० |
| ९.१ | दोर्याउनेदर | आधारभूत तह (कक्षा१-५) | ४ | ४ | २ |
| ९.२ | | आधारभूततह (कक्षा ६-८) | ०.७ | ०.५ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.३ | | माध्यमिकतह (कक्षा ९-१०) | ०.२ | ०.१ | ० |
| १०.१ | सिकाइ उपलब्धि दर | कक्षा ८ नेपालीमा A माथि ल्याउने % | १० | १५ | २० |
| १०.२ | | कक्षा ८ अंग्रेजीमा A माथि ल्याउने % | १५ | २५ | ३० |
| १०.३ | | कक्षा ८ गणितमा A माथि ल्याउने % | २५ | ३० | ३५ |
| १०.४ | | कक्षा ८ सामाजिक तथा मानवमूल्यमा A माथि ल्याउने % | २० | २५ | ३० |
| Source: Census 2078, Flash Report 2079, CEHRD and IEMIS 2080 | | | | | |

# परिच्छेद तीन: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पुर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक,मानसिक, तथा बौद्धिक,सामाजिक र संवेगात्मक विकास पर्दछन् । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरीएको छ । शिक्षा ऐन २०२८ आठौं संशोधन ले बालविकास शिक्षालाई विद्यालयको संरचना भित्र कायम गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरीने छ भनी उल्लेख गरेको छ साथै नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य गर्ने भन्ने रणनीति लिएको पाइन्छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले प्रारम्भिक बाल शिक्षा तथा विकासमा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ । प्रा्रम्भिक बालविकास तथा शिक्षाको मुख्य उदेश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्धारा बालबालिकाहरुको सर्वाङगीण विकासमा सहयोग पुर्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु हो । प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकासर भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् ।

हालका वर्षहरुमा प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षाका कारण सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको र विचैमा पढाई छाड्ने तथा कक्षा दोहोर्याउने दर घटाउनेमा यसको सकारात्मक प्रभाव रहेको र कक्षा एकमा प्रवेश गरेका बालबालिकाहरुको शैक्षिक उपलब्धि दर बढी हुने गरेको पाइएको छ । यो तह विद्यालय शिक्षाको आधार स्तम्भ मात्र नभई बालबालिकाको जीवनभरीको विकासको पूर्वाधार हो । प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय र समुदाय दुवैमा सञ्चालन गरीएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई थप विस्तार गरी सबैको पहुँचसम्म पुर्याउने रणनीति विकास तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा यो योजना केन्द्रित रहेको छ ।

### ३.१.२ वर्तमान अवस्था

कलैया उपमहानगरपालिका भित्र हाल ६२ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालित छन् । जसमध्ये सबै प्रारम्भिक बालविकास केन्द्रहरु सामुदायिक बिद्यालयमा रहेका छन् । प्रारम्भिक बालविकास केन्द्रमा हाल ११४ जना बालविकास सहजकर्ताहरू कार्यरत रहेका छन् ।

शैक्षिक सत्र २०८० को तथ्यांक अनुसार सामुदायिक र संस्थागत तर्फ गरी जम्मा ३०२८ जना बालबालिकाहरु बालविकास केन्द्रमा भर्ना भएका छन् । जसमध्ये छात्राहरु १५६३ जना र छात्रहरु १४६५ जना रहेका छन् । यस पालिकाको प्रारम्भिक बालविकास शिक्षामा कूल भर्ना दर ९६.९ प्रतिशत रहेको छ । प्रारम्भिक बालविकासको कुल भर्नादरमा सुधार देखिदैन भने प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा एकमा भर्ना भएका बालबालिकाहरुको हाल ७७.२ प्रतिशत रहेका छन् ।

| क्षेत्रहरु | आव ०७९/०८० |
|---|---|
| सामुदायिक विद्यालयको संख्या | ७१ |
| सस्थागत विद्यालयको संख्या | ४५ |
| ECD को विद्यार्थी संख्या सामुदायिक | ३२८ |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ९६.९ |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ६५.२ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ७७.२ |

## चुनौति तथा समस्याहरु

- सबै प्रारम्भिक बालविकास केन्द्रमा गुणस्तरका न्युनतम मापदण्ड कायम गर्नु र कार्यन्वयन गर्नु ,
- साबुन सहितको बाल मैत्रि धारा, धूलो रहित बसाँई, सिकाइका छ कुना, बालमैत्री फर्निचर,बालमैत्री खेल मैदान र तालिम प्राप्त सहजकर्ताको प्रबन्ध मिलाउनु ,
- सबै प्रारम्भिक बाल विकास तथा शिक्षाका उमेरका बालबालिकाहरुको पहुँच सुनिश्चित गर्नु ,
- प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावकहरु जिम्मेवार बनाउनु ,
- बालविकास केन्द्र सहजकर्ता र बालबालिकाहरु बीचको उपयुक्त अनुपात कायम गर्नु ,
- सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि , वृत्तिविकास र क्षमता विकास गर्नु ,
- चार वर्षभन्दा कम उमेरका बालबालिकाहरु पनि उपस्थित हुनु,
- प्रारम्भिक बालविकासका बालबालिकाहरुलाई विद्यालयमा नियमित गराउनु,
- प्रारम्भिक बालविकास केन्द्रहरुमा भौतिक तथा शैक्षणिक सामग्रीहरुको व्यवस्थापन, ।

## अवसरहरु

- बालविकासको क्षेत्रमा प्रत्येक बर्ष प्रतिविद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु,
- खाजा कार्यक्रम लागु हुनु,
- अभिभाबकहरुमा क्रमश ४ बर्ष लागे पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानु,
- स्थानीय सरकारले स्थानीय शिक्षा ऐन जारी गरी ब्यवस्थापन प्रक्रिया शुरु गर्नु,
- विभिन्न संघसस्थाले बालविकास केन्द्रको व्यवस्थापनमा विभिन्न शैक्षिक सामग्रीहरु तथा बसाई व्यवस्थापन स्टेशनरी सेट सहयोग गर्दै जानु तथा स्थानिय तहले पनि यसमा जोडदिदै जानु

## ३.१.३ उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्न लिखित उदेश्यहरु रहेका छन्

- ४-५ बर्षका बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षामा पहुँच तथा अवसर वृद्धि गर्नु,
- प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश हुने दर बढाउनु,
- बालबालिकाहरुको सिकाई उपलब्धि सुधार गर्नु,
- प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड आधारमा गुणस्तरिय बनाउनु,

## ३.१.४ रणनीति

यस पालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उदेश्यहरु हासिल गर्न निम्नलखित रणनीतिहरु अवलम्वन गरीनेछ ।

- प्रारम्भिक बालविकास तथा बाल शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवं गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरुको पहुँचमा विस्तार गरिने ,
- स्थानीय गैरसरकारी निकाय विच समन्वय र सहकार्य गरी सरकारले तोकेको न्युनत्तम मापदण्डहरु (साबुन सहितको बाल मैत्रि धारा, धूलो र सहज बसाँई, सिकाइका छ कुना, र तालिम प्राप्त सहजकर्ता) सबै बालविकास केन्द्रमा पुरा गरिने ,
- माग , आवश्यक्ता तथा दुरीको आधारमा प्रारम्भिक बालविकास केन्द्रहरुको समायोजन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरिने,
- वाल शिक्षालाई अझ प्रभावकारी वनाउन नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिने ,
- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ कार्यान्वयनलाई अनिवार्य गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, सरकारी तथा निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउने,
- प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था लाई ध्यान दिइ खेल तथा सिकाइ सामाग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्ययस्थापन गरीने,
- सबै शिक्षकका लागि न्युनतम योग्यता कक्षा १० (SEE) उत्तीर्ण निर्धारण गर्ने र न्युनतम योग्यता पुरा नगरेका शिक्षकहरुका लागि योग्यता वृद्धिको अवसर प्रदान गरीने,
- बालविकास सहजकर्ताका लागि सेवाकालीन क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरीने,
- प्रत्येक वडा वा टोलमा खेल तथा सिकाई सामग्री सहितको बाल उद्यान वा बालपार्कको निर्माण गरीने,
- प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना गरीने,
- बालविकास सहजकर्ताहरुसंग कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको व्यवस्था गरीने,
- वि.व्य. स. सदस्यहरु, अभिभावकहरु तथा सरोकारवालाहरुका लागि प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी नियमित अभिमुखीकरण गरीने,

- ❖ बालबालिकाहरुको संख्या तथा दुरी तथा आवश्यकताको आधारमा केन्द्रहरुको समायोजन तथा थप केन्द्र स्थापना गरीने,
- ❖ प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम प्रबोधीकरण सम्बन्धि तालिम प्रदान गरीने,
- ❖ शिक्षकहरुलाई जिल्लाभित्र वा बाहिरका नमुना तथा उत्कृष्ट केन्द्रहरुको भ्रमण गराई त्यहाँको असल अभ्यासलाई प्रयोगमा ल्याइने,
- ❖ बालविकास केन्द्रमा पछिल्ला तिन महिना प्रारम्भिक साक्षरता र गणितीय सीप विकासमा जोड दिइने,

## ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर वृद्धि भएको हुनेछ।

### प्रमुख नतिजा

यस योजनाको अन्त्य सम्ममा निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरीएको छ।

- ❖ प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिकबालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने।
- ❖ प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने।
- ❖ प्रारम्भिक बालविकास केन्द्रहरुका सबै शिक्षकहरुले न्युनतम योग्यता र तालिम हासील गरेका हुने
- ❖ प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना भएको हुनेछ ।
- ❖ प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था, विद्यालय र स्थानीय सरकार जिम्मेवार हुने
- ❖ सरकारले तोकेको न्युनत्तम मापदण्ड सबै प्रारम्भिक बाल कक्षा केन्द्रहरुमा पुरा भएको हुने।
- ❖ बालविकास केन्द्रको सहजकर्ता पुरस्कृत भएको हुने।
- ❖ बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक अवस्था पहिचान गरिने

### प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ बर्ष ) | | | | | | भौतिक लक्ष्य (१० बर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सघन भर्ना अभियान सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन | पटक | १ | ० | ० | १ | ० | २ | | |
| ४ | विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरुको सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | | |
| ५ | परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | | |
| ६ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | | |
| ८ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | पटक | | | १ | | | १ | | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | | |
| ९ | बालविकासको पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | | १ | | १ | ३ | | |
| १० | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | वटा | १५ | १२ | १० | ९ | ५ | ५१ | | |
| ११ | सहयोगी कार्यकर्ताहरूको योग्यता र क्षमता विकास कार्यक्रम संचालन | निरन्तर | √ | √ | √ | √ | √ | √ | | |
| १२ | बालबालिकाको स्वास्थ्य जाँच,खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन,वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबन्ध गर्ने | | | | | | | | | |
| १३ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | | |
| १४ | अभिभावक शिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १५ | अभिभावक तथा समुदायका सदस्यमार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | बालबालिकाको शारीरिक,सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १७ | परिवार, समुदाय,निजीक्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यस्थापन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १९ | सहयोगी (आया) को व्यवस्था | पटक | ३ | ५ | १० | १५ | १५ | ४८ | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालमा बहुदलीय ब्यबस्थाको पुनःस्थापना पश्चात सरकारी योजानामा नीतिगत रुपमा विद्यालय शिक्षाको पहूँच अभिबृद्धिका लागि उच्च प्राथकिता पाउँदै आएको हुनाले सोको प्रतिफल स्वरुप यस उपमहानगरपालिकामा आधारभूत तहको शिक्षामा ९८ प्रतिशत भन्दा बढी आधारभूत शिक्षाको पहुँचमा रहेको देखिन्छ। त्यसकारण यो योजनाले पहुँचलाइ कायम राख्दै गुणस्तर बृधिमा जोड दिइएको छ।

विद्यालय शिक्षाको विकासमा भएका विभिन्न प्रयास तथा परियोजनाहरु मध्ये आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा विकास परियोजना,सेती परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैकालागि शिक्षा कार्यक्रम,विद्यालय क्षेत्र सुधार योजना आदि धैरै परियोजनाहरु सन्चालन गरीए जसको प्रमुख लक्ष्य नेपालको शिक्षामा पहुँच अभिबृद्धि र शिक्षक ब्यबस्थापनमा तालीम अनिबार्य गरीएको हुनाले आधारभूत तहका

शिक्षकहरुलाई ब्यापक तालीमको ब्यबस्था गरियो भने विद्यालयको समग्र भौतिक ब्यबस्थापनलाई पनि उच्च महत्वका साथ भौतिक सँरचनाहरुको समेत उल्लेख्य विकास गरएिको छ। सन २०१५ पछाडी शैक्षिक सुधार र गुणस्तर बृद्धिका प्रयासहरु भएको देखिन्छ। हाल सँचालित विद्यालय क्षेत्र विकास कार्यक्रमले शैक्षिक गुणस्तरलाई जोड दिँदै सँरचनागत रुपमा परिवर्तन गरीएको छ। जस अन्तरगत ४ बर्ष उमेर समूहकालागि प्रारम्भिक वालविकास र शिक्षा, ५ देखि ७ बर्ष उमेर समूहकालागि आधारभूत तह १ (कक्षा१देखि३) ८बर्ष देखि ९ बर्ष उमेर समूकालागि आधारभूत तह २ (कक्षा ४ र ५) १०देखि १२ बर्ष उमेर समूहकालागि ,आधारभूत तह ३ (कक्षा ६,७ र ८) रहेका छन। यिनै ३ वटा तहलाई नेपालको आधारभूत शिक्षाको तह भनिएको छ।

नेपालमा शिक्षा विकासको क्रममा नेपालको सँविधान २०७२को धारा ३१(१)मा नागरीकको मौलिकहकको रुपमा ब्यबस्था गरीएको छ। सँविधानले सबैकालागि निःशुल्क तथा आधारभूत शिक्षा सुनिश्चित गर्नै प्रत्याभूति गरीएको सन्दर्भमा शिक्षा क्षेत्रको ब्यबस्थापन एवम सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम परिमार्जन आबश्यकता महसुस गरी सँविधानले स्थानीय तहको अधिकारमा विद्यालय शिक्षा ब्यबस्थापन रहेको र सँघ, प्रदेशको साझा अधिकार भित्र राखिए पनि सबै वालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल वा साझा सूचिका आधारमा तिनै तहका सरकार जिम्मेवार रहेको देखिन्छन। आधारभूत शिक्षाको लक्ष्य ४ बर्ष देखि १२ बर्ष उमेर समूहका सबै वालवालिकालाई विद्यालय प्रवेशको पूर्व तयारी एवम गुणस्तरीय आधारभुत शिक्षामा पहूँच सुनिश्चित गरी तिनको शारीरिक, सामाजिक सँवेगात्मक सँज्ञानात्मक आध्यामिक तथा नैतिक शिक्षाको विकास गराई जीवनउपयोगी सिप एवम मूल्यमा आधारित सामाजिक साँस्कृतिक विविधताबारे परिचित गराइ अपाङ्कता तथा सिकाइ कठिनाइ भएका वालवालिकालाई शैक्षिक स्तर बृद्धिकालागि सँस्थागत सहयोग आबश्यक पर्ने हूँदा कलैया उप-महानगपालिका सामाजिक समिति शिक्षा तथा स्वास्थ्य शाखा बीच समन्वय कायम गर्दै माध्यमिक शिक्षामा प्रबेश गराई आबश्यकता अनुरुप निर्माण गरीएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नू सबैको समान दायित्व रहनेछ।

## चुनौती तथा अवसरहरु

कलैया उपमहानगरपालिकामा अन्तरगत शैक्षिक सँस्थाहरुमा चुनौतीका रुपमा रहेका सिकाइ हस्तान्तरणमा सर्वसुलभता, पूर्वाधारहरुको समुचित ब्यबस्थापन,समन्यायिकता,सार्वजनिक शिक्षा प्रति चासो र विश्वास सहित आकर्षणमा बृद्धि, विद्यार्थी सङ्ख्याका आधारमा कक्षागत विषयगत रुपमा दरबन्दी मिलान तथा पुन वितरण,शैक्षिक सुशासन उतरदायित्व,ब्यवहारिक बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ,विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका भर्ना,कक्षा छाडने दर सून्य,अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, सूचना तथा सञ्चारमा आएका नविनतम प्रविधिहरुलाई अबसरको रुपमा ग्रहण गर्न प्रमुख चुनौतीको रुपमा देखिन्छ।

कलैया उप-महानगरपालिकाको शैक्षिक अवस्थाहरुलाई हेर्दा थुप्रै अबसरहरु देखिन्छन। उपमहानगरपालिकाले शैक्षिक नीतिमा दीर्घकालिन सोचका साथ शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिँदै सुधारका अनेकौ कार्यक्रमहरु लागु गरीएको,शिक्षका तिन वटै तहका सरकारहरुको साझा अधिकारका क्षेत्रका रुपमा रहेकाले आपसि साझेदारीमा लगानी अभिबृद्धि गरी शिक्षा क्षेत्रमा समयानुकुल परिवर्तन गर्न सकिने, आधारभूत तहमा हाल कार्यान्वयनमा रहेको राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थीहरुमा आएको सिकाइ जागरुकता र अभिभावकहरुमा आएको अपनत्वको भावना एवम शिक्षकहरुमा पेसागत सिपमा आएको सिकाइ हस्तान्तरण गर्ने कलाले सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेच्छा बढदै जानु,शैक्षिक सूचकांकहरुको प्रगति सकारात्मक दिशा तिर जानु उप-महानगरपालिकाले शैक्षिक कार्य विधि तथा वर्तमान

अवस्थाको १० बर्षे शैक्षिक योजना निर्माण गरी अघि बढने नीतिले पनि कलैयाको शैक्षिक उन्नयनका लागि महत्वपूर्ण अबसरहरु रहेका छन।

## ३.२.२ वर्तमान अवस्था

कलैया उप-महानगरपालिकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस उप-महानगरपालिकामा जम्मा ११६ विद्यालयहरु रहेका छन्। जस मध्ये ७१ वटा सामुदायिक र ४५ वटा संस्थागत विद्यालयहरु रहेकाछन्। अर्थात ६१.२१ प्रतिशत सामुदायिक र ३८.७९ प्रतिशत संस्थागत विद्यालयहरु रहेका छन्। सामुदायिक तर्फ आधारभूतका विद्यालयहरु ७५ प्रतिशत छन् भने माध्यमिक विद्यालयहरु २५ प्रतिशत रहेका छन्। त्यसैगरी कक्षा १-५ का विद्यालयको प्रतिशत आधारभूत भित्र ७४ प्रतिशत छ भने ६-८ का विद्यालयको प्रतिशत २६ प्रतिशत रहेको छ।

IEMIS २०८० अनुसार यस पालिकाको सामुदायिक विद्यालयको आधारभूत तहमा ५२.४२ प्रतिशत छात्रा र ४७.५८ रहेका छन् भने संस्थागत तर्फ ३६ प्रतिशत छात्रा र ६४ प्रतिशत छात्र रहेका छन्। समग्रमा ६७.६४ प्रतिशत बालबालिकाहरु आधारभूत तहमा रहेका छन्।

त्यसैगरी आधारभूत तहका नगरका कुल शिक्षकहरु मध्ये ९१ प्रतिशत शिक्षक आधारभुत तहमा रहेका छन् । ७४ प्रतिशत स्थायी १० प्रतिशत अस्थायी र १६ प्रतिशत राहत शिक्षकहरु आधारभूत तहमा रहेका छन्। शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तहमा प्रति शिक्षक १५ जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा २९ जना र समग्रमा १८ जना रहेकाछन्। त्यसमा पनि कक्षा १-५ मा प्रति शिक्षक १२ जना मात्र विद्यार्थी रहेको छ।

त्यसैगरी हरेक आवमा आधारभुत तहका विद्यार्थीहरुको सामान्य वृद्धि भएको छ भने भर्ना दरमा पनि उल्लेखनीय सुधार आएको देखिन्छ। तर पनि सिकाइ उपलब्धि उल्लेनीय सुधार नहुनुले सिकाइ सुधारको क्षेत्रलाई आवश्यक रहेको देखाउछ।

आधारभूत शिक्षाको पहूँचमा भएको हाल सम्मको उपलब्धिलाई निरन्तरता दिँदै वर्तमान अवस्थाको समिक्षाको आधारमा देखिएका चुनौतीहरु पहिचान गरी गुणस्तरीय आधारभूत शिक्षाका लागि समून्नत, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अबसर प्राप्त स्वस्थ, मर्यादित उच्चजीवन स्तर सहितका शिक्षित सुखी नागरीक बसोबास गर्ने कलैया उप-महानगरपालिका बनाउने सुन्दर लक्ष्यका साथ आगामी १० बर्षका लागि यस उप-महानगरपालिकाको शिक्षा विकासका उदेश्य, रणनीति,न तिजा,प्रमुख क्रियाकलापहरुसमेत उल्लेख गरी आधारभूत शिक्षाको १० बर्षे शिक्षा योजना निर्माण गरीएको छ। यस योजनाको सफल कार्यान्वयनबाट वालबालिकाको सर्वाङगीण विकासमा सहयोग पुग्नुका साथै सन् २०३० सम्ममा मध्यम आय वर्गका मुलुकहरुको स्तरमापुग्ने राष्ट्रिय लक्ष्यलाई हासिल गराउन सहयोग पुग्ने विश्वासका साथ कलैया उपमहानगरपालिकाको शैक्षिक क्षेत्र अन्तरगत आधारभूत तहको मार्गदर्शक १० बर्षे योजना हो।

## ३.२.३ उद्देश्य

सबै बालवालिकाहरुका लागि पहूँचमा निरन्तरता सहित समतामूलक तथा गुणस्तरीय आधाभूत शिक्षाको सूनिश्चितता गर्नु। कलैया उपमहानगरपालिकाको १०बर्षे शिक्षा योजनाको आधारभूत तहका उदेश्यहरु निम्न अनुसार रहेका छन्।

- ❖ आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
- ❖ अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने
- ❖ सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्ने

- ❖ सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने
- ❖ आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने
- ❖ विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने

## ३.२.४ रणनीति

- ❖ जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्याथीहरू तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायत को सहयोग कार्यक्रम सञ्चालन गरिने छ
- ❖ अति विपन्नबाल बालिकालाई अभिभावकत्व ग्रहण गराइने छ।
- ❖ विद्यार्थी लाई टिकाइ राख्न खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- ❖ छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृति वितरण दिवसका रुपमा मनाउदै थप प्रभावकारी बनाइने छ।
- ❖ उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्यूनिकरण गर्दै लगिनेछ।
- ❖ बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ।
- ❖ प्राथामिकताको आधारमा विद्यालयमा आवश्यक न्युनतम भौतिक ब्यवस्था भवन, शौचालय, खानोपानीको ब्यवस्था का लागि अन्य सरकारहरुसँग पनि समन्वय गरिने छ।
- ❖ शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा प्रयोग गरिने छ।
- ❖ शिक्षकलाई शिक्षण सुधार योजना, पाठ नोट अनिवार्य गरिने छ।
- ❖ विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने छ।
- ❖ लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिक्षण सिकाइ लाई उच्च प्राथामिकता प्रदान गरिने छ।
- ❖ सिकाइका लागि मुल्याकन प्रणालिको आधारमा आधारभुत तह कक्षा १-३ को मुल्यकांकन प्रणाली सञ्चालन गरिने छ।
- ❖ स्तरीकृत परीक्षा सञ्चालन गरिने छ।
- ❖ परीक्षाबाट प्राप्त अंकलाई विद्यालय स्तर तथा पालिका स्तरमा विश्लेषण समिक्षा सहित सुधार योजना तयार गरी लागु गरिने छ।
- ❖ अभिभाबक सचेतना कार्यक्रम मार्फत अभिभाबक परिचालन गरिने छ।
- ❖ हरेक चौमासिकमा सिकाइ समिक्षाका लागि अभिभाबक सम्मेलन गरिने छ।
- ❖ विद्यालयमा अभिभाबकहरु बाट दैनिक भम्रणको ब्यवस्था मिलाइने छ।

- पालिकामा क्रमश निश्चित मापदण्डको आधारमा हरेक वडामा एक नमुना आधारभुत विद्यालय स्थापना गरिने छ ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिने छ ।
- कक्षा ४ र ५ सम्मका बालबालिकाहरुका लागि पठन सीपमा आधारीत सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा ब्यबस्थापन सुनिश्चित गर्दै समयानूकुल जीवनोपयोगी ब्यबहारिक गणितीय सिप सहितको अन्य विषयको शिक्षण सिकाइलाई सीप केन्द्रीत क्रियाकलापहरुलाई निरन्तरता दिइने छ ।
- कक्षा ६ देखि ८ सम्मका आधारभूत तह पुरा गर्ने प्रत्येक उमेर समुहका बालबालिकाहरुमा रहेको अन्तर निहित प्रतिभा समेतको अबसरलाई सुनिश्चित गर्दै भाषागत पठन सिपका आधारमा माध्यमिक शिक्षा प्रबेशको लागि गुणस्तरीय ब्यबहारिक तथा गणीतीय सिप विकासको जीवन उपयोगी पक्षको सिकाइलाई सुनिश्चितताका लागि समयानुकुल विविध प्रविधि मैत्री क्रियाकलापहरुलाई निरन्तरता दिँदै अनिबार्य आधार शिक्षा प्रदान गरी माध्यमिक शिक्षामा प्रबेश गर्ने अबसर प्रदान गरीने छ ।
- स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वँयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता सो को अभिलेखिकरण गरीने
- प्रविधि मैत्री कक्षा कोठा ब्यबस्थापनकालागि प्रत्येक आधारभुत विद्यालयमा इन्टरनेट कम्प्युटरलगायतको सुविधा तथा अभिबृद्धिकालागि वजेट ब्यबस्थापन गरीने
- कक्षा १देखि ५ सम्मका बालबालिकाहरुको सिकाइ सहजीकरणका लागि आबश्यकताका आधारमा शैक्षिक सामाग्री ब्यबस्थापन शिर्षकमा अनुदानको ब्यबस्था गरीने
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि निरन्तर विद्यार्थी मूल्याँकन सहित पठनसिपमा आधारित एवम कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधि मैत्री सिकाइ सञ्चालन गरीने
- कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि पठन सिप विकासका लागि पालिका स्तरीय पढाइ मेला तथा प्रतियोगिता सञ्चालनमा आबश्यक वजेट समेतको ब्यबस्थापनमा गरीने ।
- पठन सिप सम्बन्धि अभिभावकहरुको जागरुक तथा सहयोग गर्ने आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरीने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरु बीच उमेर समुहका आधारमा लेखन सिप सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गरीने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरुमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम विज्ञान गणित तथा सामाजिक विषय बस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामाग्री निर्माण सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गर्ने
- आधारभूत तहको स्थानीय पाठयक्रमको परिमार्जन र विकास तथा प्रयोग
- सँघीय मापदण्ड अनुसार यस उपमहानगरपालिकाले आबश्यक समन्वय गरी विद्यालय नकसाडकन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरुको पुन वितरण तथा समायोजन गरीने

- ❖ अनिबार्य आधारभुत शिक्षा कार्यान्वयन गर्न आबश्यक कानुन तर्जुमा गरी स्रोत ब्यबस्थापन मिलाइने।
- ❖ यस पालिका भित्रका आधारभुत तहमा उच्चतम सिकाइ उपलब्धि हासिल गराउन आबधिक रुपमा सिकाइको मूल्याङकन गरी विद्यार्थीको थप सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई पालिका प्रति जवाफदेही बनाइने
- ❖ सबै आधारभूत विद्यालयमा विशुद खानेपानी शौचालय भौतिक सुविधा बालमैत्री समाबेशी सुरक्षीत सिकाइ बातावरण तयार गरीने
- ❖ सबै आधाभूत तहमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEP) पूरा गराउन आबश्यक लगानीको प्रबन्ध गरीने
- ❖ विद्यालय ब्यवस्थापन समिति,शिक्षक अभिभभावक सँघ पदाधिकारीहरुको क्षमता विकास एवम अभिभावक अभिमूखिकरण गरीने
- ❖ विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता स्थानीय स्वास्थ्य इकाइको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सँचालन गरीने
- ❖ स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजाको ब्यबस्थापन थप ब्यबस्थित गर्न विद्यालय अभिभावक स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवाखाजा कार्यक्रम थप ब्यबस्थित गरीने।
- ❖ निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ स्तर परीक्षण गरी जवाफ देहिता सुनिश्चित गरी सुधारका क्षेत्रहरु पहिचान गरीने।
- ❖ आधारभुत तहमा शिक्षक तयारी, विकास एवम सहायता प्रणालीको ब्यबस्था गरीने छ।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

### उपलब्धिहरु

- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय जनशक्तीको रुपमा माध्यमिक शिक्षामा शत प्रतिशत प्रवेश हुने

### नतिजाहरु

- ❖ सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहूँचमा हुने
- ❖ आधारभूत तह पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि अनिबार्य हासिल गरेको हुने।

## प्रमुख क्रियापलापहरु र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ बर्ष ) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | १ | | १ | ३ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | वटा | ४ | ५ | ५ | ५ | ६ | २५ | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ६ | शिक्षकको क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | बिधालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | वटा | ८ | १० | ११ | १२ | १३ | ५४ | |
| ९ | शिक्षक विकास तथा शिक्षक सहायता | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १२ | पाठ्यपुस्तकको व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १४ | विपन्नका लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृत्ति | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १५ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १७ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | | |
| १८ | अभिभावक शिक्षा कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानिय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानिय सरकारको साझा अधिकार भित्र पनि राखेको छ। गुणस्तरिय शिक्षा सुनिश्चितताका लागि संविधानले तीनै तहलाई जिम्मेवार बनाउने स्पष्ट मार्गनिर्देशन छ। शिक्षा ऐन २०२८ ले कक्षा ९—१२ लाई सम्मलाई माध्यमिक शिक्षा कायम गरेको छ। माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिएको छ । यस तहका १५ वटा सिकाइ सक्षमताहरु तय गरिएको छ।

१५ औ योजनाले माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने प्राथमिकतामा राखेको छ।

### ३.३.२ वर्तमान अवस्था

कलैया उपमहानगरपालिका भित्र हाल कक्षा १-१० सञ्चालित १०, र कक्षा १-१२ सञ्चालित ८ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या १८ वटा रहेको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७०.५ र कूल भर्नादर ९१.८ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ४७.९३ प्रतिशत छात्रा र ५२.०७ प्रतिशत छात्र भर्ना भएको अवस्था छ यसले माथिल्लो तहमा छात्राहरुको संख्या घट्दै गईरहेको देखीन्छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.०२ र शिक्षक विद्यार्थी अनुपात ३४.४५ प्रतिशत रहेको छ। कक्षा १० को टिकाउ दर ६८.२ प्रतिशत, उत्तीर्ण दर ९९.१, कक्षा १० मा कक्षा दोहोर्‍याउने दर ०.२ र कक्षा छोड्ने दर ०.२ रहेको छ। यस पालिका भित्र माध्यमिक तह कक्षा ९-१० मा स्नातक योग्यता भएका ५ र स्नातकोत्तर योग्यता भएका ४५ जना शिक्षक कार्यरत छन् जसमध्ये १३.०४ प्रतिशत महिला शिक्षक रहेका छन्।

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँचका सम्बन्धमा यकिन तथ्याङ्क पाउन नसके पनि बञ्चितिमा परेकाहरूको माध्यमिक शिक्षामा पहुँच कम छ। संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भने पनि यसलाई पूर्ण निःशुल्क बनाउन सकिएको छैन।

माध्यमिक तह कक्षा १०/एसईईमा र कक्षा ११ र १२ का परीक्षाका नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धी पनि हासिल गर्न नसकेको कारण उच्च शिक्षाबाट समेत बञ्चित छन्। कर्मचारीका लागि तालिम तथा अध्ययन

भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन् ।

शिक्षकको अभाव हटाउन अङ्ग्रेजी, गणित, बिज्ञान विषयमा शिक्षक कम भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिइँदै आएको छ भने यसलाई आवश्यकतानुसार दरबन्दीमा रुपान्तरण गर्नुपर्ने देखिन्छ । गुणस्तरमा सहयोग पुर्याउन भौतिक सुविधाहरूको विकास र वितरण गरिएको छ । माध्यमिक विद्यालयमा इन्टरनेटको पहुँचमा प्रगति भएको छ ।

| क्षेत्रहरु | आव०७९/८० |
|---|---|
| माध्यमिक विद्यालयको संख्या सामुदायिक | १८ |
| माध्यमिक विद्यालयको संख्या संस्थागत | १० |
| कक्षा ९-१२ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | ६२०७ |
| माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७०.५ |
| माध्यमिकतह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | ९१.८ |
| माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३३.८ |
| माध्यमिकतह (कक्षा ११-१२) मा कुल भर्ना दर* (%) | ६४.१ |
| माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५८.० |
| माध्यमिकतह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | ८२.४ |
| कक्षा १० सम्मको टिकाउदर | ६८.२ |
| माध्यमिक तहको आन्तरिक सक्षमता | ६१.९ |

## चुनौती र अवसरहरु

विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाई विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाईदैन । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि कम रहेको छ र विद्यालयहरुले नीजि स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने वाध्यता छ । शिक्षक अभावलाई सम्बोधन गर्न मुख्य तिन विषयहरु अंग्रेजी गणित तथा विज्ञान विषयमा संघबाट अनुदान शिक्षकको व्यवस्था भएको, विद्यालयमा आइसिटी ल्याब, विज्ञान ल्याब र पुस्तकालय तयार गर्न नियमित सहयोग गरिनु जस्ता अवसरका रुपमा रहेका छन् ।  उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

- ❖ निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु र पहुँच योग्य बनाउनु,
- ❖ सबै किसिमका वालवालिकालाई माध्यमिक शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
- ❖ बिद्यालय छाड्ने दर घटाउनु,

- ❖ माध्यमिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई व्यवस्थित गर्नु,
- ❖ विद्यालयमा प्रोत्साहनको अभ्यासलाई सुनिश्चत गर्नु,
- ❖ सुचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्नु,
- ❖ विद्यार्थीको उपस्थिति दरमा नियमितता ल्याउनु ,
- ❖ अभिभावकहरु आफ्नो बालबालिकाको सिकाई प्रति उत्तरदायी बनाउनु,
- ❖ विषयगत दरबन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम जनशत्तिको व्यवस्था गर्नु,
- ❖ तोकिएको पाठ्यक्रम वा तोकिएको शिक्षण विधि तथा सहजीकरण एवम् मूल्यांकन प्रणाली विद्यालय स्तरमा कार्यान्वयनमा ल्याउनु,
- ❖ सिकाईको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलव्धिमा सुधार ल्याउनु,
- ❖ शिक्षकको वृति विकासलाई व्यवस्थित गर्नु,
- ❖ विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति उत्थानशिल बनाउनु,
- ❖ कक्षा १० उतिर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउनु,

## ३.३.३ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच अभिवृद्धि गरी गुणस्तरमा सुधार गर्नु,
२. माध्यमिक तहका वाल वालिकाहरुमा न्युनतम सिकाइ उपलव्धी हासिल गर्नु ,
३. माध्यमिक तहको सिकाइ उपलब्धीमा वृद्धि गर्नु,
४. कक्षा ९-१२ मा टिकाउ दर बढाउनु,
५. प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँचमा बृद्धि गर्नु,

## ३.३.४ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने ,

२. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्याथीहरू तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायत को सहयोग कार्यक्रम सञ्चालन गरिने,

३. छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृति वितरण दिवसका रुपमा मनाउदै थप प्रभावकारी बनाइने ,

४. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्यूनिकरण गर्दै लगिने,

५. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने,

६. प्राथामिकताको आधारमा विद्यालयमा आवश्यक न्युनतम भौतिक ब्यवस्था भवन, शौचालय, शुद्ध खानोपानीको ब्यवस्था अन्य सरोकारवालाहरुसँग पनि समन्वय गरिने,

७. सामान्य मर्मत संभार गरी ब्यवस्थापन गरिने भौतिका ब्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गर्दै अगाडि बढाइने,

८. भौतिक निर्माणको कार्यलाई “आफ्नो विद्यालय आँफै बनाउ” भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने,

९. निर्माणात्मक मुल्याकंनको लागि त्रैमासिक टेस्ट लिदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने,

१०. शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने,

११. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने,

१२. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,

१३. अपुग विषयगत शिक्षकको मागलाई स्वयम् सेवक शिक्षक नियुक्ति गरी सम्वोधन गरिने,

१४. माध्यमिक तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिने,

१५. प्राविधिक तथा ब्यवसायिक धार पढ्ने बालबालिकाहरुलाई छात्रवृति प्रदान गरिने तथा स्थानीय स्तरमा रोजगारीमा प्राथमिकता दिइने,

१६. सिकाइ सुधारको लागि शिक्षण सुधार योजना (TIP) लाई पुर्ण रुपमा कार्यान्वयनमा लगिने,

१७. माध्यमिक शिक्षालाई विज्ञान प्रयोगशाला पुस्ताकालय तथा आइसीटी ल्याबलाई थप ब्यवस्थित बनाइ प्रभावकारी प्रयोगको ब्यवस्था सिर्जना गरिने,

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच ,सहभागिता, सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

### नतिजा

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि आउने,
२. माध्यमिक विद्यालयमा न्यूनत्तम आधारभूत मापदण्ड पूरा भएको हुने,
३. माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक जनशक्ति तयार हुने,
४. विद्यार्थीले न्युनतम सिकाइ उपलब्धि हाँसिल गरेको हुने,
५. गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ बर्ष ) | | | | | | भौतिक लक्ष्य (१० बर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन,कार्यविधि र निर्देशिकाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | स्यमसेवक शिक्षकको व्यवस्था | पटक | १० | १० | १० | १० | १० | ५० | | |
| ४ | सघन भर्ना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु जस्तैं ड्रेस झोला स्टेशनरीको सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | बिद्यालय संख्या | २ | ५ | ४ | ९ | १५ | ३५ | | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | शिक्षकको क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | १ | | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | छात्राहरुलाई सेनिटरी प्याडको खरिद र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १७ | विव्यस शिअसका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १९ | बाल समुह, स्काउट, रेडक्रस क्लव गठन, क्षमता विकास र परिचालन | संख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | | |

## ३.४ पाठ्यक्रम तथा मूल्याङ्कन

### ३.४.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान सिप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठयक्रम हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालिन समाजका वास्तविकताहरु,सिकाइ प्रक्रिया एव विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालकका सिकाई सम्बन्धि आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठयक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ। स्थानिय तहको नेतृत्व र सहभागिताका अधारमा स्थानिय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानिय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानिय आवश्यकतामा आधारित शिक्षाको रुपमा लिइन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विधार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठयक्रम हो।

पाठयक्रम कुनै कक्षा वा तहमा कुनकुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के-कस्ता क्षमता विकास गराउने हो, किन पढाउने हो, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेका वा नसिकेका सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो।

## ३.४.२ वर्तमान अवस्था

कलैया उप-महानगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्विकृत पाठयक्रम लागू गर्दै आएको सर्वविदितै छ। पाठयक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठयक्रम प्रारुप तयार गरी सोही अनुसार पाठयक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरीयो। यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठयक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ कार्यन्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठयक्रम विकास गरी वि.सं. २०७७ सालदेखी कक्षा १ र ११ मा कार्यान्वयन सुरु भइ वि.सं. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरु अर्थात् कक्षा १ - १२ मा यो पाठयक्रम कार्यान्वयन भएको छ। त्यसैगरी आधारभूत तहमा स्थानीय पाठ्यक्रम विकास गरी लागु गर्नु पर्ने हुन्छ।

नयाँ पाठ्यक्रम सँगै आधारभूत तह कक्षा १ - ३ मा सिकाइ सुनिश्चतताको लागि थिमगत मूल्यांकन अपनाईएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य वा सैद्धान्तिक अपनाइएको छ। त्यसैगरी ९ बाट १२ सम्मको २५ को आन्तरिक र ७५ को बाह्य मूल्यांकन प्रणाली लागु रहेको छ। यसै अनुसार नै कलैया उपमहानगरपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ। तर पनि अपेक्षाकृत पाठ्यक्रम र मूल्यांकन प्रणालीको प्रभावकारी रुपमा विद्यालय स्तरमा कार्यन्वयन हुन सकेको छैन।

## ३.४.३ अवसर तथा चुनौति

पाठ्यक्रम तथा मूल्यांकनको क्षेत्रमा संघीय सरकारले स्रोत सामग्रीहरु विकास गर्नु, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम निर्माणको लागि सहयोगी सामग्रीहरु उपलब्ध हुनु, पाठ्यक्रम कार्यन्वयन तथा स्थानीय पाठ्यक्रमको लागि स्थानीय स्तरबाट बजेट विनियोजन हुनु तथा विभिन्न संघसंस्थाहरुले पाठ्यक्रम कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्नु जस्ता अवसरहरु रहेका छन्। तर पनि यसका मुख्य चुनौतिहरु तथा समस्याहरुलाई यहाँ प्रस्तुत गरिएको छ।

- ❖ नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका पाठ्यक्रम प्रवोधिकरण तथा शिक्षकको क्षमता विकास गर्नु ,
- ❖ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गर्नु ,
- ❖ विविधता र समावेशीतालाई दृष्टिगत गरेर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने कार्यमा दक्ष जनशक्तिको सुनिश्चतता गर्नु ,
- ❖ पाठ्यक्रमले तोके अनुसारको मूल्यांकन प्रणाली विद्यालयमा कार्यान्वयन गर्नु ,
- ❖ शिक्षक तथा विद्यार्थीको डिजिटल सामग्रीको पहुँचमा वृद्दि गर्नु ,
- ❖ सिकाइ उपलब्धीको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने कुराको सुनिश्चत गर्नु ,
- ❖ विद्यालय तहको परीक्षा प्रक्रियालाई थप प्रभावकारी बनाउनु ,
- ❖ विद्यालयतहको सम्पूर्ण परिक्षामा एकरुपता कायम गर्नु,
- ❖ प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, नतिजा तयारी, विश्लेषण र अभिलेखीकरणमा एकरुपता कायम गर्नु,

## ३.४.४ उद्धेश्य

यस योजनाले पाठयक्रम तथा मूयाङ्कन सम्बन्धी निम्नलिखित उद्धेस्यहरु राखेको छ :

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पुर्ण रुपमा कार्यान्वयन गर्नु ,
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्नु ,
- सिकाइका लागि मूल्याङ्कन प्रणालिका रुपमा रहेको तोकेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागु गर्नु ,
- सिकाइ उपलब्धीको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने अभ्यास लागु गर्नु ,
- विद्यालय तहको परीक्षा प्रक्रिया तथा अभिलेखिकरणलाई थप प्रभावकारी बनाउनु ,
- पाठ्यक्रम तथा शैक्षिक सामाग्रीहरुको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्दि गर्नु ,

## ३.४.५ रणनीति

- एक शिक्षक बराबर, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धतता सहित प्रयोगको अनिवार्यता गरिनेछ । सम्भव भएसम्म हार्डकपी।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु गरिने छ ।
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गर्दै सञ्चालन गरिनेछ ।
- स्थानीय तथा विज्ञको परिचालन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा लगिने छ ।
- बार्षिक रुपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धी सम्बन्धी एक प्रतिवेदन तयारी गरी सबै सरोकारवालाहरु समक्ष बर्षेको कम्तिमा १ दिन बार्षिक रुपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको शूरुवात गरिनेछ ।
- सिकाइ उपलब्धी विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई अनिवार्य गरिनेछ ।
- परीक्षा सहित त्यसको अभिलेखिकरणको अनुगमन गरिनेछ ।
- नयाँ पाठ्यक्रम तथा मूल्यांकन प्रणालीको प्रवोधिकरण कार्यक्रम सहित पाठ्यक्रम सम्बन्धि नियमित घुम्ति शिक्षक बैठक तथा शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।
- पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्दि गर्न विभिन्न संघसस्थासँग समन्वय गरी soft and hard copies विद्यालय सम्म पुर्याइने छ ।
- विद्यालयतहको सम्पूर्ण त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षालाई एकरुपता गरिनेछ।

## ३.४.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलव्धि

- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्यांकन प्रणाली प्रभावकारी भई आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच, सृजनशील, निरन्तर सिकाई प्रती प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

## नतिजा

- एक शिक्षक, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग हुने।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु हुने।
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा हुने।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा हुने।
- विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धीको विश्लेषण गर्ने अभ्यासको शूरुवाता हुने।
- सिकाइ उपलब्धी विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई तयार गइ कार्यान्वयन हुने।
- पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्दि हुने।

## प्रमूख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिकलक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | | १ | ० | ० | ० | १ |
| २ | स्थानीय पाठ्यपुस्तक विकास र वितरण | विद्यालय | | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | थिमगत मूल्यांकन र आन्तरिक तथा बाह्य मूल्यांकन लागु | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण (सफ्ट कपी) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | बार्षिक रुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धि समीक्षाको लागि घुम्ति शिक्षक बैठक सञ्चालन | पटक | | ३ | ३ | ३ | ३ | १२ |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षकले सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यक सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ । यस योजनामा शिक्षाको शिक्षकको ब्यवस्थापन पेशागत विकास तथा पेशागत सहयोग जस्ता कुरालाई जोड दिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापनअनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिनेपरीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएकोछ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

यस उपमहानगरपालिकामा भित्र सामुदायिक विद्यालयमा प्राथमिक शिक्षक दरबन्दी २२५ राहत ६९, नि.मा. दरबन्दी ५८ ,नि.मा. राहत ८,मा.शि. दरबन्दी ४६, मा.शि.राहत ४ र उ.मा.शि. १५ जना रहेका छन् । यसैगरी बालविकास शिक्षक ११४ जना र विद्यालय कर्मचारीहरुमा बिद्यालय सहायक १७ र बिद्यालय सहयोगी ६३ जना रहेका छन् । नयाँ पदस्थापन तथा अनिवार्य अवकाशको कारणले केहि संख्यामा हेरफेर भईरहन्छ । शिक्षक अभावको समस्या प्रमुख रुपमा देखिन्छ । शिक्षकको क्षमता विकासको लागि समीक्षा बैठक तथा तालिमहरु सञ्चालन गर्दै आइएको छ भने अपुग शिक्षकको लागि शिक्षण अनुदानमा शिक्षक ब्यवस्था गर्ने गरिएको छ । साथै दरबन्दी मिलान समेत गरिएको छ । तर शिक्षकको

पेशागत विकासमा सहयोगको लागि हाल कुनै प्रणाली लागु गर्न सकिएको छैन । त्यसको साथै शिक्षकलाई सिकाइ प्रति उत्तरदायी बनाउन चुनौती रहेको छ ।

## ३.५.३ अवसर तथा चुनौति

शिक्षक ब्यवस्थापन समय समयमा आयोगबाट स्थायी शिक्षक छनोट हुनु, बार्षिक रुपमा शिक्षण अनुदान कोटा प्राप्त हुनु तथा पालिका स्तरीय दरबन्दी मिलान हुनु अवसरका रुपमा रहेका छन् । त्यसैगरी शिक्षणको क्षमता विकासमा विभिन्न संघसस्थाहरु सहित पालिकाले नियमित रुपमा तालिम समीक्षा बैठकहरु सञ्चालन गर्नु रहेको छ । तर पनि यस क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरूको रहेका छन् ।

- ❖ शिक्षणपेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ,
- ❖ विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ,
- ❖ विद्यार्थी संख्याको आधारमा शिक्षक संख्याको ब्यवस्थापन गर्नु ,
- ❖ शिक्षकले शिक्षणपुर्वको तयारी गरी शिक्षण हुने कुराको सुनिश्चतता गर्नु ,
- ❖ शिक्षकलाई पेशागत विकासमा क्रियाशिल बनाउनु ,
- ❖ शिक्षकको पेशागत विकासको लागि पेशागत सहयोग प्रणाली लागू गर्नु ,
- ❖ शिक्षकबाट पाठ्यक्रमले तोके बमोजिमको शिक्षण विधि कार्यान्वयनको सुनिश्चत गर्नु ,
- ❖ शिक्षकबाट शैक्षिक सामग्रीको संकलन निर्माण र त्यसको उच्च प्रयोगको सुनिश्चतता गर्नु ,

## ३.५.४ उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

- ❖ सिकाइ सुधारको लागि आवश्यक शिक्षकको क्रमश ब्यवस्थापन गर्दै लैजानु ,
- ❖ शिक्षकले गर्ने शिक्षण पुर्वको तयारी दर वृद्दि गर्नु ,
- ❖ शिक्षकको पेशागत विकासका गतिविधिमा हुने सहभागिता वृद्दि गर्नु ,
- ❖ विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु ,

## ३.५.५ रणनीति

- ❖ बार्षिक रुपमा विद्यार्थी संख्याको आधारमा र आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवाको नियमित गरिनेछ ।
- ❖ शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ ।

- पालिकाले बार्षिक रुपमा सबै तहका शिक्षकलाई छोटा अवधिका तालिम दक्ष प्रशिक्षकबाट तालिम प्रदान गरिने छ। उक्त तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई सोही तालिमको बारे विद्यालयका अन्य शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान गर्नु पर्नेछ व्यवस्थालाई पुर्ण रुपमा कार्यान्वयनमा लगिनेछ।
- हरेक विद्यालयमा महिनाको कम्तिमा १ दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानिय जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि २०८० अनुसारको शिक्षकको पेशागत सहयोग प्रणालीलाई तत्काल कार्यान्वयनमा लगिने छ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय कार्यविधि २०७४ वा लकबुकलाई तत्काल कार्यान्वयनमा ल्याइने छ।
- महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिने छ।
- सिकाइ सुधारका लागि हरेक २ महिनामा कलस्टर स्तरीय घुम्ति शिक्षक बैठक सञ्चालनमा ल्याइने छ।
- शिक्षण सुधार योजनालाई अनिवार्य गरिने छ ।
- शिक्षकबाट पाठयोजना ,शिक्षक डायरी, शैक्षिक सामग्री संकलन निर्माण तथा विकास कार्यलाई अनिवार्य गरिने छ।
- निश्चत सुचकको आधारमा विद्यालय तथा पालिका स्तरीय शिक्षकलाई पुरस्कृत गरिने छ।
- बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान गर्ने र त्यसको नतिजाहरु प्रस्तुत गर्ने अभ्यासको थालनी गरिने छ।
- शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक अध्ययन तथा भम्रमणको अभ्यासलाई कार्यान्वयन गरिनेछ।

## ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- पेशागत विकासमा सक्रिय रहेका तालिमप्राप्त शिक्षकको ब्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने ,

### नतिजा

- शिक्षकबाट दैनिक पाठयोजना तयार, शैक्षिक सामग्रीको निर्माण, कार्यमूलक अनुसन्धान भएको हुने,
- स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त हुने ,
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा स्वयम्सेवक शिक्षकको व्यवस्था हुने ,
- शिक्षकले कक्षाकोठामा विताउने समयको लेखाजोखाका लागि लकबुक लागु हुने ,
- मासिक सिकाइ केन्द्रित स्टाफ बैठक हुने ,
- घुम्ति बैठक नियमित बस्ने ,
- शिक्षक पुरस्कृत हुने,

## प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिकलक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | बार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | स्वयंसेवक शिक्षको नियुक्ति | जना | | २० | ३० | ४० | ५० | १४० |
| ३ | पालिका स्तरीय शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | चौमासिक रुपमा विद्यालय स्तरीय शिक्षक तालिम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| ७ | शिक्षकले कक्षाकोठामा विताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ८ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन वा स्रोत विज्ञको नियुक्ति र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा १५ वटा) | थान | १५० | १५० | १५० | १५० | १५० | ७५० |
| ११ | दैनिक पाठयोजना वा पाठनोट को निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान तयार र प्रस्तुत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | शिक्षक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.६ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ

### ३.६.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्यबनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

साक्षरता तथा निरन्तर शिक्षाकार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरणगर्ने तथा निरक्षर र नव साक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता स्वयम् सेवक परिचालन गर्ने नीति लिएको छ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो। अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ । जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ। तर एकातिर संचालनमा रहेका सिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरु पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको देखिन्छ।

राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन्। दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षामञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गर्ने विषयमा नेपालले प्रतिबद्धताजाहेर गरेको छ। तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्तशिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ।

### ३.६.२ वर्तमान अवस्था

अनौपचारिक तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। नेपालमा अनौपचारिक शिक्षा विकासमा धेरै प्रयासहरू भईरहेको छ। विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ अन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ । राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

जनगणना २०७८ अनुसार कलैया उप-महानगरपालिकाको साक्षरता दर ६८.१० रहेको छ भने पुरुषको ७७.२० र महिलाको ५८.५० रहेको छ। यो पालिका साक्षर पालिका घोषणा हुन सकेको छैन। त्यसैले पनि यस पालिकाको प्रमुख काम भनेको निरक्षरलाई साक्षर बनाइ साक्षर पालिका घोषणा गर्नु रहेको छ भने निरन्तर सिकाइलाई पनि जोड दिनु आवश्यक रहेको छ।

### ३.६.३ अवसर तथा चुनौति

साक्षरता तथा निरन्तर सिकाइको क्षेत्रमा यस उप-महानगरपालिकामा लागु भएका विभिन्न परियोजनाहरुले निरन्तर सहयोग गर्दै आइरहेका छन् भने संघीय सरकारले पनि साक्षर पालिका हुँदै साक्षर जिल्ला घोषणाको लागि प्राथमिकतामा राख्दै सहयोग कार्यक्रम तय गर्नु यसका प्रमुख अवसरहरु रहेकाछन् । यस्ता अवसरहरु भएता पनि केहि प्रमुख चुनौतीहरु वा समस्याहरु यस क्षेत्रमा रहेका छन् । त्यस्ता समस्या वा चुनौतीहरुलाई यहाँ प्रस्तुत गरिन्छ ।

- ❖ सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी ब्यवस्थापन र परिचालन गर्ने,
- ❖ सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता तथा निरन्तर सिकाइमा परिचालन गर्ने,
- ❖ सबै निरक्षरहरुको पहिचान गरी साक्षर बनाइ साक्षर पालिका घोषणा गर्ने,

### ३.६.४ उद्धेश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धि निम्न लिखित उद्धेश्यहरु राखेको छः

- ❖ कलैया उपमहानगरपालिकालाई साक्षर पलिका घोषणा गर्नु ,
- ❖ सामुदायिक सिकाइ स्थापना गरी संचालन गर्नु ,
- ❖ निरन्तर सिकाइका अवसरहरुको विस्तार गर्नु ।

### ३.६.५ रणनीति

यस योजनाका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छः

- ❖ साक्षर कलैया उपमहानगरपालिका घोषणा अभियान पूरा गर्न  पालिका स्तरमा एक कार्यदल तथा कार्ययोजना बनाइ सामूदायिक सिकाइ केन्द्र स्थापना, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरु परिचालन गरिनेछ ।
- ❖ कक्षा ११ र १२ का विद्यार्थीहरु तथा विद्यालयका शिक्षकहरुलाई अनिवार्य रुपमा साक्षरताको लागि परिचालन गरिने छ ।
- ❖ माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ ।
- ❖ सामुदायिक सिकाइ केन्द्रहरुलाई सरकारले तोकेको मापदण्ड अनुसार थप व्यवस्थित बनाउन आवश्यक अनुगमन तथा निर्देशन प्रदान गरिने छ ।
- ❖ सामुदायिक सिकाइ केन्द्रलाई निरन्तर आय आर्जन तथा सीप विकास तथा निरन्तर सिकाइको क्षेत्रमा परिचालन गर्न विभिन्न संघसस्था समन्वय गरी थप परिचालन तथा क्रियाशिल बनाइने छ ।
- ❖ निरन्तर सिकाइको लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको विकास गरिनेछ ।

## ३.६.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

## उपलव्धि

- सिकाइ केन्द्रहरु स्थापना र ब्यवस्थित भएको हुनुका साथै साक्षर पालिका घोषणा भएको हुने

## प्रमूख नतिजाहरु

- साक्षर पालिका घोषणा भएको हुने ,
- सिकाइ केन्द्रहरु स्थापना र ब्यवस्थित भइ साक्षरता, निरन्तर सिकाइ तथा आयआर्जनका गतिविधिहरुमा क्रियाशिल भएको हुने ,

## प्रमूख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | १ | ० | ० | ० | २ |
| २ | साक्षरता कार्यक्रमहरु सञ्चालन | वडागत | १ | १ | ० | ० | ० | २ |
| ३ | साक्षरता घोषणा कार्यक्रम | पटक | ० | १ | ० | ० | ० | १ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको बार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | ५ |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | १ | १ | १ | १ | १ | ५ |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | केन्द्र | ७ | ० | ७ | ० | ७ | २१ |
| ७ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | सँख्या | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आयआर्जन कार्यक्रम | संख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ९ | एक निरन्तर सिकाइका लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | संख्या | ० | १ | १ | ० | १ | ३ |

# परिच्छेद चार: अन्तर सम्बन्धित बिषय तथा क्षेत्रहरु

## ४.१ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

शिक्षामा समावेशी र समता वर्तमान समयको नयाँ जल्दोवल्दो अवधारणा हो। यो अवधारणा नेपालमा समावेशी लोकतन्त्रसंगै सुरुआत भएको पाइन्छ। शिक्षा प्राप्त गर्नु मानिसको मौलिक अधिकार भएकोले कानुन अनुसार सवैले शिक्षा प्राप्त गर्न पाउनु पर्दछ। कुनै पनि वालवालिकालाई शिक्षाको उज्यालो घामवाट वन्चित गर्न हुदैन भन्ने दृष्टिकोण यो समावेशी र समता शिक्षाले राख्दछ। समावेशी शिक्षा भन्नले विना भेदभाव कक्षा कोठामा विभिन्न जातजाति, धर्म, लिंग, वर्ग तथा क्षेत्रका वालवालिकाहरुलाई समान रुपले शिक्षा प्रदान गर्नु भन्ने वुझिन्छ। विभिन्न पृष्ठभुमिका वाल वालिकालाई उपयुक्त शैक्षिक वातावरण तैयार गरी शैक्षिक अवसर प्रदान गर्नु नै समावेशी शिक्षा हो। नेपालको संविधान २०७२ अनुसार सवै वालवालिकाहरुलाई शिक्षाबाट बंन्चित नहोस भन्ने ध्येयले माध्यमिक तहसम्म शिक्षालाई निशुल्क किटानी गर्नुका साथै स्थानीय मातृभाषाद्धारा शिक्षा प्राप्त गर्न सकिने अधिकारलाई सुरक्षित गरेको छ। यो शिक्षाले शिक्षा प्रदान गर्दा सामाजिक न्यायको आधारमा शिक्षालाई अगाडि वढाइनु पर्दछ। त्यसको लागि देशको शिक्षाको नयाँ संरचना अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारहरुले कानुनमा ब्यवस्था भए अनुसार कक्षा ब्यवस्थापन गर्न आवश्यक छ। यसो भएको अवस्थामा मात्र समावेशी शिक्षा नितिलाई कार्यान्वयन पक्षमा लैजान सहज हुन्छ।

सवै वाल वालिकाहरुलाई सामाजिक न्यायको आधारमा शिक्षामा पहुँच पुर्याई शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक छ। त्यसको लागि सवै वालवालिकाहरुलाई समान शैक्षिक अवसर प्रदान गर्न जरुरी हुन्छ। यसका अतिरिक्त विभिन्न वर्ग, तह, आर्थिक, सामाजिक स्तरमा पिछाडिएका समुदायका वालवालिकाहरुलाई समावेश गरी उचित शिक्षा प्रदान गर्न सक्नु पर्दछ। दृष्टिबिहिन, बहिरा, शारीरीक अपाङ्गता भएका, कमजोर सिकाई क्षमता भएका, गरीव, पिछाडिएका, दलित, जनजाति, आदिवासी लगायतका सवै वालवालिकाहरुले शिक्षाको समान अवसर प्राप्त गर्न सक्नु पर्दछ जसलाई नै शिक्षामा समता भनिन्छ। शिक्षामा समता भन्नाले शिक्षामा सामाजिक न्यायको अवधारणालाई विकास गर्नु हो। त्यसको लागि कमजोर पृष्ठिभुमिका वालवालिकाहरुलाई अन्य वालवालिकाहरुको तुलनामा थप अवसर प्रदान गर्नु गराउनु र शिक्षामा समावेशी र समतालाई उच्च स्थान दिनु महत्वपुर्ण रहन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कलैया उप-महानगरपालिका को कुल जनसंख्या १,३६,२२२ रहेको छ जसमा पुरुषको कुल जनसंख्या ७०,३५८ (५१.६५ %) र महिलाको कुल जनसंख्या ६५,८६४ (४८.३५%) रहेको छ। यसको आधारमा हेर्दा पुरुषको जनसंख्या महिला भन्दा ४४९४ बढी देखिन्छ। कलैया उप-महानगरपालिकाको परिवार संख्या २२,१२५,परिवारको औसत आकार ६.१६ ,लैंगिक अनुपात १०६.८२, बार्षिक जनसंख्या वृद्धि दर (०.९८%) र जनघनत्व १२५० रहेको छ।

## ४.१.२ वर्तमान अवस्था

कलैया उपमहानगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। साथै यो पालिकाले ऐतिहासिक राजनितिक तथा धार्मिक ईतिहास बोकेको छ।ऐतिहासिक वरेवा दरबार यसै पालिकामा रहेको छ। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने मुख्य जातिहरु मुसलमान, यादव, तेली, कुर्मी, कानु, मलाह, चमार/हरीजन/राम, कोईरी/कुशवाहा, धानुक, दुषाध/ पासवान/पासी, नुनिया, धोबी, लोहार, राजपुत आदी हुन्। मिश्रीतजातजातीको बसोबास रहेको यसपालिकामा मुख्य बोलीचालीको भाषा करीब ९० प्रतिशतभोजपुरीरहेकोछ साथै मैथली तथा नेपालीमातृभाषी पनि बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, मुस्लिम धर्मावलम्बीहरु बसोबास गर्छन् साथै न्युन मात्रामा क्रिश्चियन धर्मावलम्वीहरु पनि रहेका छन। भने उनीहरुले कृष्णाष्टमी, तीज, जनैपुर्णिमा, दशै, तिहार, छठ पुजा, फागुपूर्णिमा (होली) , जितिया, रमजान, ईद, वकरईद, रामनवमी, विवाह पञ्चमी आदिजस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-३ मा १.१२ कक्षा ४-५ मा १.२५ कक्षा ६-८ मा १.१९ र कक्षा ९-१० मा ०.८९ प्रतिशत लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात ०.४१ रहेको छ।

## चुनौति तथा अवसरहरु

समावेशी शिक्षाको उद्देश्य परिपुर्ति गर्नको लागि निम्नलिखीत समस्या तथा चुनौतिहरु रहेका छन्।

- विद्यालयमा बालमैत्री शैक्षिक पद्धति पूर्णरुपमा कार्यान्वयन,
- शिक्षाका अवसरबाट वञ्चित वर्गहरुको शिक्षामा समतामुलक पहुँच,
- सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा पहुँच,
- स्थानीय स्तरमा विशेष विद्यालय तथा स्रोतकक्षाको पर्याप्त सुबिधा,
- मातृभाषामा शिक्षा प्रदान गर्ने पर्याप्त व्यवस्था,
- लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित,
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण,
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच,
- विद्यालयमा विभेदरहित वातावरण,

## ४.१.३ उद्देश्य

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने,
२. शैक्षिक सुशासन कायम गर्ने ,
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ,
४. विद्यालयमा सुरक्षित शैक्षिक वातावरण तयार गर्ने ,

## ४.१.४ रणनीति

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ ।
७. सरोकारवालाहरुको विद्यालयमा सहभागीता वृद्धि गरिनेछ ।

## ४.१.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने ।

### मुख्य मुख्य नतिजाहरु

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ,
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ,
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ,
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ,
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

### तालिका ४.१ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष (५ वर्षे) | ज |
|---|---|---|---|---|

| . | | | १ | २ | ३ | ४ | ५ | म्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | ० | १ | ० | ० | २ |
| २ | प्रस्तावनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयनमा सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट तथा गुनासो सुनाइ सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ |
| ४ | गुनासो सुनुवाइ समितिको गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | गुनासो पेटिकाको वितरण | विद्यालय | ० | ७१ | ० | ० | ० | ७१ |
| ६ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | मनोपरामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | भौतिक संरचनालाई पहुँचयुक्त बनाउन अध्ययन र सोहि अनुसारको सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| १० | समावेशि शिक्षक शिक्षा तालिम | पटक | १ | ० | १ | ० | १ | ३ |
| ११ | घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | छात्रावास सहितको विद्यालय व्यवस्थापन कार्यक्रम | विद्यालय | ० | ० | १ | ० | १ | २ |
| १३ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | बालविबाह अन्त्य तथा छोरीको शिक्षाको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.२ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

### ४.२.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम बुझिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्बाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन

गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरेपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

क) प्राकृतिक प्रकोप: भूकम्प, बाढी, हावाहुरी, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, शितलहर, लु आदि।

ख) महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड, सर्पदंश आदि सरूवा रोगहरू।

ग) युद्ध, द्वन्द्व, विस्थापन: आन्तरिक तथा बाह्य युद्ध, (साम्प्रदायिक, धार्मिक, राजनीतिक) - युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन तथा आन्तरिक तथा बाह्य स्थानान्तरणको अवस्थामा समेत बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने।

## ४.२.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गताहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति,दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन्। यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविदितै छ। यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो।

## अवसर तथा चुनौतीहरु

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन भविष्यवाणी गर्न भने सकिदैन । त्यसैगरी कतिपय प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् । कलैया उपमहानगरपालिकाको शिक्षा योजना बनाउने सन्दर्भमा निम्नानुसारका मुद्दाहरू चुनौतीका रूपमा देखिन्छन् :

- ❖ आपत्कालिन अबस्थामा पनि निरन्तर सिकाइ सहजीकरण हुने वातावरण तयार गर्नु ,
- ❖ आपत्कालिन अवस्थाको लागि पुर्व तयारीको अभ्यास गर्नु,
- ❖ संकटकालिन अवस्थामा पनि सिकाइ सहजीकरण गर्न आवश्यक स्रोत साधनको ब्यवस्था गर्नु,

## ४.२.३ उद्देश्य

यस योजनाले यस क्षेत्रसँग सम्बन्धित निम्न लिखित उद्धेश्यहरु राखेको छः

- ❖ विपद् व्यवस्थापन प्रतिकार्यको योजना विकास गर्ने,
- ❖ विद्यालय शिक्षामा सम्भावित सङ्कटपूर्ण अवस्थाको सामनाको लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्ने,
- ❖ आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने,
- ❖ आपतकालिन अवस्थामा डिजिटल सामग्रीको प्रयोग गरी शिक्षण सिकाई कृयाकलापलाई निरन्तरता दिने,

## ४.२.४ रणनिति

आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा सम्बन्धमा मुख्य रणनीतिहरु निम्नानुसार हुनेछन् ।

- ❖ शिक्षा क्षेत्रमा प्रत्यक्ष रुपमा आईपर्ने विपद ब्यस्थापनको मुल्याङ्कन एवम बिश्लेषण गर्दै विद्यालय तथा पालिका स्तरीय प्रतिकार्य योजना तयार गरिने छ ।
  - ❖ संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाइने छ ।
- ❖ विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ विपद् ब्यवस्थापन तथा तयारिका लागि एक कार्यविधि मार्फत पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिने छ ।
- ❖ प्रत्येक विद्यालयहरुमा न्यूनतमा डिजिटल सिकाई सामग्रीहरुको व्यवस्थापन गरिने छ ।

## ४.२.५ उपलब्धि, नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने

### नतिजा

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने ,
२. स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने ,
३. युद्ध, सामाजिक द्वन्द्व, हिंसा तथा बँसाइसराइको अवस्थामा पनि आधारभुत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ,
४. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने ,
५. प्रत्येक विद्यालयलाई न्यूनतम डिजिटल सिकाई सामग्रीहरुको व्यवस्थापन हुने ,

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य- ५वर्षे | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विपद सम्वन्धी पालिका स्तरीय तथा विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माण | विद्यालय | ३० | २० | १० | ११ | ० | ७१ |
| २ | पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | १ | ० | १ | ० | १ | ३ |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.३ छात्रवृत्ति

### ४.३.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो। जसले लक्षित समुदायहरु गरीब, सुविधाविहिन, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधा विहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरि समता

तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरी लगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन न सकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ।

यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ। त्यसै गरि यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियता पूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ। विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरीबी केन्द्रित हुन आवश्यक छ।

## ४.३.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न किसिका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ। यस पालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ मा अध्ययनरत छात्रा र दलित छात्रहरुले वार्षिक रू. ४०० को दरले प्रत्येक वर्ष छात्रवृत्ती लिने गरेका छन। स्रोत कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुले पनि वार्षिक रुपमा रू. ४०००० को दरले छात्रवृत्ती पाउने गरेका छन। उच्च शिक्षा तथा प्राविधिक धार अध्ययनको लागि छात्रवृतिको कार्यक्रम समेत पालिकाको शिक्षाको कार्यक्रमा समावेश गरिएको छ । तर यस्ता छात्रवृतिको सदुपयोग बालबालिकाहरुको सिकाइ क्रियाकलापमा लगाउनु पर्ने कुरा चुनौतीपुर्ण रहदै आएको छ।

## ४.३.३ अवसर र चुनौति

लक्षित समुदायहरु विशेषतः गरीब सुविधा विहीन, अपाङ्गता भएका तथा विभिन्न किसिमका कठीन परिस्थितिमा रहेका बालबालिकालाई छात्रवृत्ति लगायत अतिरिक्त सहयोग गर्नु पर्ने कुराहरुलाई नेपालको संविधान तथा विभिन्न नीतिहरुले पनि आधार प्रदान गरेको छ। यसको साथै निरन्तर रुपमा प्रदान गर्ने छात्रवृत्ति कार्यक्रम तथा विभिन्न संघसस्थाहरुले गर्ने सहयोग जस्ता कुराहरु यस क्षेत्रका अवसरहरु रहेका छन्। तरपनि यस क्षेत्रका केहि तल उल्लेखित प्रमुख चुनौतीहरु पहिचान गरिएका छन्।

- ❖ छात्रवृत्तिको रकम न्यून हुनु ,
- ❖ जात र लिङ्गलाई महत्व दिइ छात्रवृत्ति वितरण गर्नु ,
- ❖ सहि समयमा सबै बालबालिकाहरुले छात्रवृत्ति पाउने ,
- ❖ वितरित छात्रवृतिको सदुपयोग बालबालिकाहरुको सिकाइसँग गर्ने ,

## ४.३.४ उद्देश्य

यस योजनाले छात्रवृति सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

- ❖ विद्यालय तहको छात्रवृति वितरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ,
- ❖ बालबालिकाहरुको गुणस्तरीय तथा प्राविधिक शिक्षामा छात्रवृतिको उचित प्रबन्धको ब्यवस्था गर्नु ,

## ४.३.५ रणनीति

यस योजनाले छात्रवृति सम्बन्धि निम्नलिखित रणनीतिहरु राखेको छः

- ❖ विपन्न, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरी पालिका स्तरीय शैक्षिक सहयोग कार्यक्रम तय गरी भर्नाको समयमा छात्रवृत्ति वितरण गरिनेछ।
- ❖ छात्रवृति वितरणको लागि सबै विद्यायमा एकै दिन वितरण गर्नको लागि छात्रवृति वितरण दिन तोकि छात्रवृति वितरण गरिने छ।
- ❖ छात्रवृति वितरण कार्य र अभिलेखलाई विब्यस शिअस मार्फत अनुगमन तथा रुजु गरिने छ।
- ❖ छात्रवृतिलाई सदुपयोग गर्ने वातावरण बनाइने र त्यसको एकिन गर्ने संयन्त्र बनाइने छ।
- ❖ पालिका स्तरीय छात्रवृति कोषको व्यवस्था गरिनेछ।
- ❖ उच्च शिक्षा तथा प्राविधिक धारको अध्ययन गर्नेलाई पालिकाबाट छात्रवृति वितरण गरिने छ।
- ❖ छात्रवृति ब्यवस्थापनका लागि विभिन्न संघसंस्था तथा नीजि क्षेत्रसँग समन्वय तथा सहकार्य गरिने छ।

## ४.३.६ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- ❖ छात्रवृति वितरण तथा ब्यवस्थापनमा थप सुधार हुने, छात्रवृति पाउने बालबालिकाहरुको संख्यामा वृद्दि हुने भइ बालबालिकाहरुको पहुँच, सहभागिता तथा सिकाइमा सुधार आउने

### प्रमुख नतिजाहरु

- ❖ छात्रवृतिको ब्यवस्थापन, वितरण र सदुपयोगमा सुधार हुने,
- ❖ पालिका स्तरीय छात्रवृति कोषको स्थापना हुने ,
- ❖ छात्रवृति प्रदान गर्ने कार्यमा संघसंस्थाहरुको संलग्नतामा वृद्दि हुने,
- ❖ लक्षित बालबालिकाहरुले छात्रवृति पाएको हुने,

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | पालिका स्तरीय शैक्षिक सहयोग कार्यक्रम विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | छात्रवृति वितरण दिन कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | छात्रवृति वितरणको अनुगमन तथा अभिलेख रुजु | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | छात्रवृति व्यवस्थापन सहित PMT सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | ० | १ | ० | १ | ३ |
| ५ | कार्यविधि मार्फत पालिका स्तरीय छात्रवृति कोषको स्थापना | पटक | ० | ० | १ | ० | ० | १ |
| ६ | छात्रवृति ब्यवस्थापनका लागि विभिन्न संघसंस्थासँग समन्वय तथा सहकार्यका लागि बैठक तथा छलफल | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | उच्च शिक्षा तथा प्राविधिक धारको अध्ययन गर्ने विद्यार्थीलाई छाबवृति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

नेपालको संविधान,२०७२ ले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली,२०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास कार्यक्रम्,पन्ध्रौं योजनाको आधार पत्र,एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरुले उच्च महत्व दिएको अवस्था छ । “स्वस्थ शरीरमा स्वस्थ मष्तिस्कको निर्माण हुन्छ” भन्ने मान्यतालाई आत्मसात् गर्दै  बालबालिकाको वृद्धि,विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजाको व्यबस्था नेपाल सरकारले आ.व.२०७७-७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यबस्थापन गर्न बजेटको व्यबस्था गरेको छ । दिवा खाजा कार्यक्रमलाई सफल व्यबस्थापन गर्न सबै सरोकारवालाहरुको समन्वय, सहकार्य र साझेदारीबाट मात्र सम्भव हुनसक्छ ।

## ४.४.२ वर्तमान अवस्था र चुनौती

आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा १-५ सञ्चालित ७१ विद्यालयमा अध्ययनरत विद्यार्थीहरु लाभान्वित भएका छन् । शैक्षिक सत्र २०७७ बाट यस पालिका अन्तरगतका १० वटा सामुदायिक  माध्यमिक विद्यालयमा विद्यालय नर्स सेवा कार्यक्रम शुरु भएको छ ।

प्राय विद्यालयहरुमा खानेपानीको आफ्नै श्रोत रहेका छन्। दिवाखाजा तथा स्वास्थ्य पोषण  र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समिक्षा गर्दा निम्न लिखित चुनौतीहरु पहिचान गरीयो ।

१. दिवा खाजा स्वास्थ्य तथा पोषण  सरसफाइ स्वच्छताका लागि मितब्ययी प्रभावकारी दिगोपना पर्याप्त सँरचनागत ब्यबस्थापनका लागि नगरपालिकाको स्वास्थ्य, कृषि तथा शिक्षा शाखाको समन्वय गर्नु,
२. दिवाखाजा  स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छता काम लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्नु,
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु,
४. दिवा खाजाका लागि प्राविधिक क्षमता विकास गर्नु,
५. विद्यालय खाजालाइ स्थानीय कृषि तथा ब्यापारलाई जोडनु
६. कार्यक्रमलाई  प्रभावकारी अनुगमन र समयबद्ध मूल्याङ्ककन पद्दति विकास गर्नु,
७. विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरुले पाउने गरी कानूनी तथा वजेट ब्यबस्थापन गर्नु,
८. विद्यालय खाजा विद्यालय स्वस्थ,पोषण तथा सफाइ स्वच्छता सम्बन्धि नीतिगत तथा कार्यक्रम समन्वयात्मक कार्यलाई ब्यबस्थित बनाउनु ,
९. विद्यालय खाजा तथा अन्य विषयहरुलाई एकीकृतरुपमा सम्बन्धित गराउनु,
१०. विद्यालय स्वास्थ्य तथा बाताबरणीय लैङ्गिक स्वच्छता अपाङ्गता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरी कार्यान्वयन गर्नु,
११. सरसफाइ तथा स्वच्छताका लागि आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु,
१२. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने,
१३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने,
१४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु,
१५. विद्यालयमा खाजाको व्यवस्थापन गर्ने कोठा, पकाउने भान्से, भाडावर्तन लगायत आवश्यक पूर्वाधार र सामग्रीको व्यवस्थापन गर्नु,
१६. अधिक विद्यार्थी रहेको विद्यालयहरुमा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्नु,

## ४.४.३ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ,
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ,
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा वृद्धि गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,

### ४.४.४ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने,
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ,
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने,
४. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने,
५. नियमित अनुगमन र निरीक्षण गर्ने,

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धिहरु

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने,

#### प्रमुख नतिजाहरू

१. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने,
२. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने,
३. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने,
४. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने,

#### प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र. सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सम्बन्धी अभिभमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ७ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १० | छात्राको लागि सेनिटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ |

## ४.५ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.५.२ वर्तमान अवस्था

यस पालिकामा कूल ११६ विद्यालय मध्ये ७१ सामुदायिक र ४५ सस्थागत विद्यालय छन् । सामुदायिक विद्यालय तर्फ २४८ भवन रहेकोमा १०१ वटा पक्की भवन छन् । यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ३९ छात्र शौचालय ७१ तथा महिला शिक्षक शौचालय ३९ वटा छन् । सबै विद्यालयमा खानेपानीको आफ्नै श्रोत छ । पालिका भरिमा ६८ वटा विद्यालयमा विजुली पुगेको छ, ३२ वटा विद्यालयमा इन्टरनेट पुगेको छ ,भने १९ वटा विद्यालयमा घेराबार भएको र केही विद्यालयमा निर्माण हुने क्रममा रहेका छन् । यस पालिकाका सबै विद्यालयहरूमा शौचालय भए पनि धैरै जसोमा पानीको राम्रो आपूर्ति देखिँदैन । स्वच्छ पिउने पानीको व्यवस्था राम्रो छैन । खेलकुद कोठा, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पुर्वाधारहरुको अभाव रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खेलकूद

कक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) उचित ब्यवस्थापन गर्नु यस पालिकाको प्रमुख प्राथमिकतामा रहेको देखिन्छ।

| | भौतिकविवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोगमा आएका शैचालयको संख्या | १९७ | |
| २ | छात्राको लागि छुट्टै भएको शैचालय संख्या | ८३ | |
| ३ | विजुली विद्यालयमा पुगेको छविद्यालयको संख्या | ६८ | |
| ४ | खानेपानीको राम्रो ब्यवस्था भएको छ विद्यालयको संख्या | ७१ | |
| ५ | विद्यालय घेराबार ब्यवस्थापन भएको विद्यालयको संख्या | १९ | |

### ४.५.३ अवसर र चुनौति

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्।

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा मूलत स्रोत साधन क्षमता समन्वय तथा त्यसको नियमित संभार तथा उपयोगमा स्थानीय तहको भूमिकालाई बनाइ राख्नु,
२. पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवादेही बनाउनु,
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु,
४. पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु,

### ४.५.४ उद्देश्य

१. विद्यालयमा न्युनत्तम भौतिक संरचनाको सुनिश्चत गर्नु,
2. सुरक्षित तथा समावेशी विद्यालय पूर्वाधारको निर्माण गर्नु,
१. मापदण्ड अनुसारको भौतिक निर्माण गर्नु,
२. भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शी बनाउनु,
३. सबैलाई पहुँच हुने भौतिक संरचनाहरु सुधार ल्याउनु ,

### ४.५.५ रणनीति

१. विद्यालयको प्रकार, तह र विद्यार्थी सङ्ख्याको आधारमा तोकिएको मापदण्ड अनुसार भौतिक पूर्वाधार विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरू सँग लागत साझेदारी गरिनेछ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी बनाइएको डिजाइनलाई जोड दिइने छ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ। त्यसको लागि CSSP and DMC लाई सक्रिय बनाइने छ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।
६. पूर्वाधार विकास लाई पहुँच युक्त बनाउन जोड दिइने छ।
७. बिधुत जडान नभएको बिद्यालयमा बिधुत जडान गर्न बिशेष पहल गरिने छ।
८. सबै बिद्यालयलाई बगैचा सहितको हरित विद्यालयको रुपमा रुपान्तरण गरिने छ।

## ४.५.६ उपलब्धि, नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने,

### नतिजा

१. विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा तोकिएको मापदण्ड अनुसार भौतिक पूर्वाधार विकास हुने,
२. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको बि.व्य.स.सहित कार्यान्वयन प्रारूप विकास हुने,
३. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने,
४. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने,
५. बिधुत जडान न भएको बिद्यालयमा बिधुत जडान हुने,
६. यस पालिकाका सबै बिद्यालयलाई बगैचा सहितको हरित विद्यालयको रुपमा रुपान्तरण हुने,

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख कृयाकलापहरु | एकाइ | भौतीकलक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २ | विद्यालयहरुको सबलीकरण | विद्यालय | २ | २ | २ | २ | २ | १० | |
| ३ | विद्यालयहरुमा बनेका संरचनाको संवर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ४ | छात्रा र छात्रलाई छुट्टा-छुट्टै साबुन,पानी सहितका शौचालय | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ३० | |
| ६ | पहुँचयुक्त वा अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बृहत विपद् जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरुबाट अनुगमन तथा निरीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १० | हरित विद्यालय कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |

## ४.६ विद्यालयमा सूचना तथा संचार प्रविधि

### ४.६.१ परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुर सञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण ,संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारमा अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको छ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता (Digital Divide) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई

बढावा दिनु पर्दछ  तर पर्याप्त क्षमता तथा सञ्चारको अभावले सबै सिकारुलाई समेट्न न सकिएकोले यस्तो अवस्थामा सबैको सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु चुनौतिपूर्ण कार्य रहेको छ ।

## ४.६.२ वर्तमान अवस्था

नेपाल सरकारकाले २०७६ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी  पुर्याउने , तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने र दक्ष जनशक्ति तयार गर्ने कुरा उल्लेख गरिएको, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजनाले दश हजार भन्दा बढी विद्यालयहरुमा सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी समित सूचना प्रविधिको विकास गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज, शिक्षक र विद्यार्थीको पहुँच उक्त प्रविधिमा सहजरुपमा पुर्याउने कार्य गर्नु आजको आवश्यकता रहेको छ ।

यसै गरी विद्यालय क्षेत्र विस्तार कार्यक्रममा पनि सूचना तथा प्रविधिका क्रियाकलाप समेत समावेश गरिएको छ । उल्लिखित नीतिहरु तथा योजनाले लक्षित गरेका कार्यहरुको प्रगति र वर्तमान अवस्थालाई र एकिकृत शैक्षिक व्यवस्थापन तथा  सूचना प्रणाली मा आधारित बनाइएको छ । तथापि धैरै जसो विद्यालयमा कम्प्युटर लगायतका सूचना प्रविधि सम्बन्धी सामग्री तथा इन्टरनेटको अभावले यसलाई पूर्ण बनाउन सकिएको छैन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित कृयाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजना २०७८ तयार गरी जारी गर्दै सोहि आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी तवरबाट प्रयास गरेको र अन्य सरोकारवाला साथै विभिन्न निकायको समन्वयमा विद्यार्थी सिकाइलाई निरन्तरता दिनका लागि अवस्था अनुकूल विभिन्न वैकल्पिक सिकाइका विधिहरुको विकास,व्यवस्थापन तथा सञ्चालन मध्ये प्रविधिमा आधारित विधिहरु नै प्रमुख रहेका छन् ।

यस पालिकामा आ.ब. २०७७/०७८ मा मल्टिमिडिया समेतको सुविधा भएका ५ विद्यालय छन । कलैयामा ६८ वटा विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः ११, १३ र ३२ वटा रहेका छन् । यस पालिकामा अधिकांस शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेको देखिन्छ ।

| | शैक्षिकसामग्रीको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षण सिकाइको लागि प्रोजेक्टरको व्यवस्था भएको विद्यालय | ५ विद्यालय | |
| २ | कक्षा १ -३ मा न्युनत्तम ५० थान सहितको पुस्तक कुना निर्माण भएको विद्यालय | १६ विद्यालय | |
| ३ | विज्ञान प्रयोगशाला ब्यवस्था गरिएको विद्यालय | ११ विद्यालय | |
| ४ | कम्प्युटर प्रयोगशाला ब्यवस्था गरेको विद्यालय | १३ विद्यालय | |
| ५ | गणित प्रयोगशाला ब्यवस्था गरिएको विद्यालय | २ विद्यालय | |
| ६ | पुस्तकालय ब्यवस्था गरिएको विद्यालय | १३ विद्यालय | |

| | | |
|---|---|---|
| ७ | अंग्रजी,गणित र विज्ञान विषयगत किटको ब्यवस्था गरिएको विद्यालय | २ विद्यालय |
| ८ | कक्षा १बाट ३ सम्म छापायुक्त कक्षाकोठा ब्यवस्थापन गरेका विद्यालय | ९ विद्यालय |
| ९ | पाठ्यपुस्तक सबै बालबालिकाहरुले प्राप्त गर्ने विद्यालय | ७१ विद्यालय |
| १० | इन्टरनेटको ब्यवस्था | ३२ विद्यालय |

## ४ .६.३ अवसर र चुनौतिहरु

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधी सम्वन्धी निम्नलिखित चुनौतिहरू पहिचान गरीएको छ।

१. सूचना तथा सञ्चार प्रविधी सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पुर्वाधारको पहुँच सबै विद्यालयमा पुर्याउने,
२. सूचना तथा सञ्चार प्रविधी सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने,
३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट क्षमता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,
४. अपांगता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्नु ,
५. अन्तरकृयात्मक सफ्टवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु ,
६. सूचना तथा सञ्चार प्रविधीको लागत प्रभावकारीता वृद्धि गर्ने,
७. सवै प्रयोगकर्तालाई सहज हुनेगरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,
८. इन्टरनेट सेवा प्रदायक संस्था र नगरपालिका विचमा समन्यव स्थापना गर्नु ,

## ४.६.४ उद्देश्य

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने,

## ४.६.५ रणनीति

१. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने,
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिने,
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरिने,
४. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिने,
५. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
६. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने,
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिने,

८. विद्युत्तीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिने,
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिने,

## ४.६.६ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने,

### नतिजा

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरी एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना र सञ्चालन हुने,
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने,
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने,
५. शिक्षकहरूको क्षमता विकास गरी स्वयम्सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य हुने,
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने,
७. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालयमा सोलारको ब्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २ | एक विद्यालय सुचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | ५० |
| ३ | ICT Lab को स्थापना | संख्या | ५ | ५ | ५ | २ | २ | १९ |
| ४ | सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | बार्षिक रुपमा स्थलगत अनुगमन तथा रुजू | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | साझेदारीमा एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |

# परिच्छेद पाँच: सुशासन तथा व्यवस्थापन

## ५.१ संस्थागत क्षमता विकास

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ५.१.१ परिचय

सुशासन शासनबाट आएको शब्द हो । शासन राज्यसँग सम्बन्धित हुन्छ । सुशासन त्यो शासन व्यवस्था हो जहाँ जनताको हित र कल्याणलाई सर्वोपरी मानिन्छ । पारदर्शिता, उत्तरदायित्व, सहभागिता र भविष्यपरकतालाई सुशासनका अपरिहार्य तत्वका रुपमा लिइन्छ । सुशासनमा प्रभावकारिता, सक्षमता, मितव्ययिता, लोकतन्त्र, राजनैतिक, स्वतन्त्रता, समानता र अधिकार जस्ता सिद्धान्त सुशासनका पक्षमा प्रतिपादित सिद्धान्त हुन् । शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरुको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरुको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्धेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइ प्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी

सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु पर्दछ । सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्धेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संबैधानिक प्रावधान अनुसारको संघिय संरचनामा विभिन् तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्ने हुन्छ । योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रबर्धन, नतिजाको प्रबर्धन गरी शिक्षा क्षेत्रमा यस दश वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वियन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ ।
बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघिय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, प्रविधि र संचारमा भएको विकास, सामाजिक सचेतनामा आएको परिवर्तन लगायतका विविध पक्षहरुलाई समेत विचार गरी संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रबर्धन गर्नु आवश्यक देखिएको छ ।

यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुको विस्तार, प्रकोप तथा महामारीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्धेश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

शिक्षा राज्य व्यवस्थाको एउटा महत्वपूर्ण विषय क्षेत्र भएकाले शैक्षिक सुशासनले विद्यालय शिक्षा क्षेत्रमा राखेका लक्ष्य हासिल गर्नका लागि सबैले आ–आफ्नो तह र क्षेत्रबाट सहज रुपमा जिम्मेवारी निर्वाह गरी उपलब्धि वा लक्ष्य हासिल गर्ने अवस्थालाई बुझाउँछ । तसर्थ शिक्षामा सुशासनले सम्वद्ध संवेगात्मक क्षेत्रमा सरोकारवालाहरुको शैक्षिक, भौतिक, आर्थिक, सामाजिक र व्यवस्थापनमा सकारात्मक सहभागिता जनाउने प्रक्रियालाई समेट्छ । यसले स्थानीय शिक्षा विकासका निम्ति सङ्गठित गर्ने, नियमन गर्ने, नीति नियम तर्जुमा एवम् शैक्षिक, सामाजिक, आर्थिक एवम् संस्थागत र प्रणालीगत सम्बन्ध कायम गर्ने प्रक्रिया नै शिक्षामा समतामूलक सक्षमता गर्नुपर्ने विद्यालय सुशासन हो ।

संविधानमा व्यवस्था भएको शिक्षाको मौलिक हक, विद्यालय शिक्षा सम्बद्ध संवैधानिक नीतहरु, शैक्षिक सुशासन कायम गर्नका लागि मार्गनिर्देशन नै मुख्य आधार हुनेछ । शिक्षा ऐन तथा नियमावलीमा रहेका विभिन्न तहगत एवम् निकायगत समितिका काम, कर्तव्य र अधिकारहरु, समिति बोर्डमा रहने पदाधिकारीहरुको नीतिगत, कानुनीगत योग्यता, सेवा सर्त एवम् छनौटका प्रक्रिया, शैक्षिक संस्थाहमा अनुदान व्यवस्थापनका प्रावधानले शिक्षामा सुशासन कायम हुनेछ । त्यसै गरी विद्यालय व्यवस्थापन जिम्मा लिने प्रावधान, तोकिएको कार्य, जिम्मेवारी पुरान गरेको अवस्थामा दण्डित गर्ने व्यवस्था, अनुमति स्वीकृति खारेजीको व्यवस्था, शिक्षा क्षेत्रमा कार्य गर्ने जनशक्तिको पदीय आचारण सम्बन्धी व्यवस्थापन लगायत पालन गर्नुपर्ने आचारसंहिता र दण्ड पुरस्कारका विषयहरु यस उप-महानगरपालिकाका नीतिगत व्यवस्थापकीय प्रयासका साथै सुशासन ऐन, २०६४ र सुशासन नियमावली २०६५ विद्यालय सुशासन र व्यवस्थापनका लागि मूल आधार हुनेछ । विद्यालय नगर शिक्षामा सुशासन र व्यवस्थापनका पक्षमा शैक्षिक उपलब्धि लगायत प्रवाह हुने सेवा, सुविधा, नीति, कार्यक्रम, शिक्षा (सि.उ.) बजेट लगायत समग्र पक्षको झलक दिलाइने छ ।

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस उपमहानगरपालिकाले  विद्यालय सुशासनको एउटा आधारभूत र महत्वपूर्ण उपक्षेत्रका रुपमा शिक्षा अवलम्बन गरेको छ र आधुनिक राज सञ्चालन, व्यवस्थापनमा शिक्षालाई महत्वपूर्ण बहुआयामिक प्रभाव भएको क्षेत्रका रुपमा मानिने छ । वर्तमान सन्दर्भमा सुशासनको सम्बोधन गर्ने प्रमुख दस्तावेज नेपालको संविधान (२०७२) हो । यसैका मातहतमा रही सुशासन ऐन, २०६४, सुशासन नियमावली २०६५, विद्यालय ऐन, २०२८ (संशोधित), शिक्षा नियमावली २०५९, स्थानीय स्वायत्त शासन नियमावली, नगर शिक्षा कार्यविधिबाट सुशासनको सम्बोधनका पक्षमा पारदर्शिता, सहभागिता, उत्तरदायित्व, भविष्यपरकता, अपनत्व कानुनी शासन जस्ता सैद्धान्तिक पक्षलाई यस नगरपालिकाद्वारा सम्बोधन गरिएको छ ।

संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिप्रतिको नेपाली जनताका आकाङ्क्षा पुरा गर्न संविधान जारी गरिएको कुरा उल्लेख छ। संविधानको निर्देशक सिद्धान्त र नीतिमा अंगिकार गर्दै यस नगरपालिका मातहतका विद्यालय र शिक्षालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायि र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने शिक्षाको भौतिक, आर्थिक सेवा सुविधामा समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने गरिएको छ।

क) नीतिगत तथा कानुनी व्यवस्था:

- ❖ यस नगरपालिकाले सुशासन ऐन, २०६४ र सुशासन नियमावली, २०६५ ले नेपालको सार्वजनिक प्रशासनलाई (विद्यालयीय) विकेन्द्रित, नतिजामूलक, सूचनामूलक, मूल्यमा आधारित, भ्रष्टाचार रहित, समतामा आधारित जस्ता पक्षमा जोड,
- ❖ सार्वजनिक सुनुवाई, सूचनाको हकको सुनिश्चितता गर्न सूचना अधिकारी, उपभोक्ता सेवाग्राही सर्वेक्षण, क्षतिपूर्ति सहितको नागरिक वडापत्र, गुनासो सुनुवाई आदि पक्षमा जोड,
- ❖ नागरिक ऐन, २०१२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सुशासन सम्बन्धी गरिएका नीतिगत प्रयासका पक्षमा थेर थोर रुपमा काम भएका,

शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैर सरकारी संघ संस्था तथा विकास साझेदारहरुको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ। विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तरगत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरुको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्धेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइ प्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु पर्दछ। सुशासन र व्यवस्थापन सम्बन्धी योजनाका उद्धेश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संबैधानिक प्रावधान अनुसारको संघिय संरचनामा विभिन् तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्ने हुन्छ। योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग, समता र समावेशीताको प्रवर्धन, नतिजाको प्रवद्र्धन गरी शिक्षा क्षेत्रमा यस दश वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ।

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघिय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, प्रविधि र संचारमा भएको विकास, सामाजिक सचेतनामा आएको परिवर्तन लगायतका विविध पक्षहरुलाई समेत विचार गरी संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवद्र्धन गर्नु आवश्यक देखिएको छ।

यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुको विस्तार, प्रकोप तथा महामारीको

अवस्थाको सिकाइ तथा समावेशीताको प्रवद्र्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्धेश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ।

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

| | **ब्यवस्थापन तथा सुशासन** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति गठन | ३६ विद्यालय | |
| २ | शिक्षक अभिभावक संघगठन | ३ विद्यालय | |
| ३ | बाल कल्ब गठन | १२ विद्यालय | |
| ४ | लैगिक सम्पर्क ब्यक्ति तोकेको | १२ विद्यालय | |
| ५ | विषयगत समितिहरु निर्माण गरिएको तथा क्रियाशिल रहेका छन् | ८ विद्यालय | |
| ६ | विद्यालय सुधार योजना निर्माण गरिएको छ | ६५ विद्यालय | |
| ७ | सामाजिक परीक्षण गरिएको छ | ३० विद्यालय | |
| ८ | गत आ व कोलेखा परीक्षण गरिएको छ | ७१ विद्यालय | |
| ९ | इन्टरनेटको ब्यवस्था | ३२ विद्यालय | |
| १० | कार्यालय काममा प्रयोग गर्ने प्रिन्टरको ब्यवस्था छ | ३८ विद्यालय | |
| ११ | कार्यालय काममा प्रयोग गर्ने लाप्टप तथा डेस्टपको ब्यवस्था छ | ३८ विद्यालय | |
| १२ | सेनिटर प्याड ब्यवस्थापन गरेका विद्यालय | ४७ विद्यालय | |
| १३ | कक्षा १-५ खाजा कार्यक्रम ब्यवस्थापन गरेका विद्यालय | ७१ विद्यालय | |

## चुनौति तथा अवसरहरु

- संविधानले तोकिएका स्थानीय तहका अधिकार सूचीहरुलाई कार्यान्वयन गर्न,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले गर्ने कार्यहरु किटानी साथ सुनिश्चित गर्न,
- शैक्षिक तथ्याङ्क, सङ्कलन, सूचना संकलनका साथै प्रवाहीकरण गर्न,
- शिक्षामा पारदर्शी, जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व बोध र प्रयोग गर्न,
- सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई र कार्यहरुको सञ्चार तथा सूचना प्रविधिको उपयोग भई सार्वजनिक सूचना प्रवाह गर्न,

- ❖ विद्यालय तथा शैक्षिक संस्थाहरुको निरीक्षण, अनुगमन सुपरीवेक्षण जस्ता कार्यमा प्रणालीगत व्यवस्था,
- ❖ सुशासन कायम गर्ने संख्या नेतृत्वहरु सक्षम र जनमुखि बनाउन संस्थागत÷प्रणालीगत विकास गर्नु,
- ❖ शिक्षामा विकेन्द्रीकरण कार्य-अधिकार र कर्तव्य बिचमा सामजस्यता मिलाउन,
- ❖ सुशासन सम्बन्धी स्पष्ट कानुन नहुनु र भएको ऐन, नियमको पनि पूर्ण पालना गर्न,
- ❖ अनावश्यक राजनैतिक हस्तक्षेप कम गर्न,
- ❖ उपलब्ध मानवीय संसाधन, भौतिक साधन र स्रोतको पनि उचित प्रयोग र परिचालन गर्न,
- ❖ पर्याप्त रुपमा सूचना र प्रविधिको विकास र प्रयोगमा गर्न,
- ❖ अनुगमन, निरीक्षण र सुपरिवेक्षण कार्य प्रभावकारी हुन सक्नु,
- ❖ समुदाय भित्रका विद्यालय उमेरका सबै बालबालिकालाई अझ पनि विद्यालयीय शिक्षाको पहुँचमा ल्याउन,
- ❖ विशेष प्रकृतिका बालबालिका लागि उपयुक्त शैक्षिक वातावरणमा समायोजन हुन सक्नु,
- ❖ बुद्धिजीवि, शिक्षाप्रेमी, नागरिक समाज, पत्राकार जनप्रतिनिधि, अभिभावक विभिन्न क्षेत्रमा आवद्ध पेशाकर्मी तथा व्यवसायिहरु आदिको भूमिकालाई सशक्त गर्दै लैजानु,
- ❖ शिक्षामा आधुनिक सूचना सञ्चार प्रविधिको अधिकतम उपयोगमा सीपगत-प्राविधिक कठिनाइ रहनु आदि जस्ता चुनौति यस नगरपालिकामा विद्यालय सुशासन र व्यवस्थापनका प्रमुख चुनौति हुन् ।
- ❖ बिद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गर्न चुनौती
- ❖ बिद्यालयमा अभिभावक को न्यून सहभागिता हुनु

## ५.१.३ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्ः

- ❖ विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने
- ❖ विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने
- ❖ समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने
- ❖ विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने

## ५.१.४ रणनीति

यस योजनाले सुशासनसँग सम्बन्धि निम्न लिखित रणनीतिहरु राखेको छः

- ❖ विव्यसलाई विद्यालय सुधारप्रति जिम्मेवार बनाउन लागि हालको विब्यस गठन प्रक्रियामा सुधार ल्याउन वा विद्यालय सुधारका अन्य क्षेत्रहरु सुधारको लागि नीतिगत ब्यवस्था गर्न कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली २०७४ शिक्षा ऐनलाई संशोधन गरी पुर्ण रुपमा कार्यान्वनयमा लगिने छ ।
- ❖ सबै सामुदायिक विद्यालयका प्रअको नियुक्तिको लागी एक कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गरिने छ । हरेक पाँच बर्षमा प्रअको कार्यसम्पादनको मूल्यांकन गरी करार सम्झौता हुने व्यवस्था गरिने छ ।

- ❖ पालिकाले बार्षिक रुपमा विद्यालयको प्रअसँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लगिने छ। उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा बार्षिक रुपमा प्रअलाई थप प्रोत्साहन भत्ता प्रदान गरिने छ
- ❖ वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने छ।
- ❖ शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
- ❖ नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ।
- ❖ विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार पुर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत ब्यवस्थापन गर्ने रणनीति लिइने छ।
- ❖ विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता थप तलका अन्य रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछः
  - ❖ विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम गरिनेछ।
  - ❖ विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन गरिनेछ।
  - ❖ हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन गरिनेछ।
  - ❖ सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। उक्त कार्यको सघन रुपमा शिक्षा शाखाबाट मूल्यांकन गरी गुणस्तर एकीन गरिनेछ र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिने अभ्यासलाई कार्यान्वयनमा लगिनेछ।
- ❖ समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिनेछ।
- ❖ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थापन गर्दै लगिनेछ।
- ❖ विद्यालय लेखा प्रणालीलाई सफ्टवेयर द्वारा व्यवस्थित गरिनेछ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

### प्रमुख नतिजाहरू

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने

२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने

३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

## प्रमुख क्रियाकलाप र लक्ष्य

## संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (पहिलो५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | कलैया उपमहानगरपालिकाको शिक्षा ऐन तथा नियमावली संसोधन | पटक | १ | ० | १ | ० | १ | ३ |
| २ | खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ |
| ३ | विब्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | बार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | आवश्य | आवश्य | आवश्य | आवश्य | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कता अनुसार | कता अनुसार | कता अनुसार | कता अनुसार | | |
| १३ | प्रअको नियमित मासिक बैठक | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० |

## ५.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, कृयाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तिय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रकृया र जिम्मेवारी तथा उत्तरदायित्वहरु पर्दछन । नेपालमा संघिय संरचना अनुसार अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार कृयाशिल भएको ७ वर्ष कटिसकेको छ भने केहि कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघिय संरचना अनुरुप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्दछ । शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन\कार्यविधी निर्माण, बजेटको सुनिश्चितता, तीन तहका सरकार बीचको समन्वय र सहकार्य, वार्षिक रणनितीक योजना र कार्यान्वयन योजनाको निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गरी कार्यक्रम प्रभावकारी बनाउने रणनिती लिईने छ ।

कुनैपनि योजना कार्यान्वयनको समयमा समन्वय र सहजिकरणको आवश्यकता पर्दछ । योजनाहरु बहुक्षेत्र संग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ । विभिन्न निकाय र व्यक्तिहरु विचको समन्वय र सहकार्यले योजना कार्यान्वयनमा तिव्रता ल्याउन सकिन्छ ।

### ५.२.२ वर्तमान अवस्थाः

नेपालको वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरुको कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाईएको अवस्था छ । स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । उक्त अधिकारहरुलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाहरुमा पर्याप्त जनशक्ति नभएको अवस्था छ । वार्षिक कार्यक्रमको तर्जुमा गरिएता पनि कार्यक्रम कार्यान्वयनको प्रभावबारी रुपमा अनुगमन नगर्नाले कार्याक्रम फितलो देखिएको छ । कार्यक्रम कार्यान्वयनका लागि आशयक स्रोत साधनको पहिचान र त्यसको व्यवस्थापनमा ध्यान नपुगेको अवस्था छ । ऐन, नियम बन्न पनि कठिन त हुन्छ नै, बने पनि कार्यान्वयनमा सहजता रहेको छैन ।

### ५.२.३ चुनौती तथा अवसरहरुः

- नयाँ व्यवस्थालाई कार्यान्वयनमा दक्ष जनशक्तीको अभाव हुनु ,
- स्थानिय तहका जनप्रतिनिधी लगायत मुख्य भूमिका खेल्नुपर्ने निकायहरुले शिक्षा क्षेत्रलाई शिक्षक व्यवस्थापन र भौतीक संरचना संग मात्र जोडेर हेर्ने परिपाटी कायम रहिरहनु ,

- ❖ शिक्षा, यूवा तथा खेलकुद महाशाखामा जनशक्ति कम भएको कारणले उद्धेश्य अनुसार अनुगमन निरीक्षण गर्न नसक्नु,

## ५.२.४ उद्धेश्य

शिक्षा योजना प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने

## ५.२.५ रणनिति

- ❖ योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम र नीति र निर्देशन व्यवस्था गर्ने,
- ❖ शिक्षा शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकता अनुसार समितीहरु निर्माण गर्ने,
- ❖ संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गर्ने,
- ❖ शिक्षण सिकाईमा सहयोग पुर्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गर्ने,
- ❖ लिडर\फिडर विद्यालयको अवधारणा अवलम्बन गरिने,

## ५.२.६ उपलब्धि, नतिजा, प्रमुख कृयाकलाप र लक्ष्य उपलब्धि

### प्रमुख कृयाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख कृयाकलापहरु | एकाई | भौतीक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | आवश्यक कानुन\ निर्देशिका तथा कार्यविधीको विकास | पटक | | | | | | | आवश्यकता अनुसार |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवं अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | | | | | | | केन्द्र द्वारा निर्माण तथा सुदृढीकरण |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्कृया | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अनौपचारीक शिक्षा र जिवनोपर्यन्त सिकाई सम्बन्धी कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद छः अनुगमन तथा मूल्याङ्कन

## ६.१ अनुगमन तथा मूल्याङ्कन

### ६.१.१ परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरीक्षण,पर्यवेक्षण,निगरानी, रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ। यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त हुन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्यसम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही,पारदर्शी,नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ।

कलैया उपमहानगरपालिकाको शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू,उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि पालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

### ६.१.२ वर्तमान अवस्थाः

अनुगमन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको नगर शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै समय समयममा वडा कार्यालय तथा पालिकाको शिक्षा महाशाखा, शिक्षा समिति तथा निर्वाचित जनप्रतिनिधिहरुबाट समय समयमा अनुगमन तथा समीक्षा हुने गरेको भएता पनि अनुगमनलाई नतिजामूलक तथा योजनाबद्द एवम् ब्यवस्थित गर्नु पर्ने देखिन्छ । यसको साथै विभिन्न परियोजना तथा संघसस्थाहरुको कामको पनि अनुगमन तथा सहजीकरण गर्ने गरिएको छ।

## ६.१.३ अवसर र चुनौती

संघीय संरचना अनुरुप स्थापना भएका वडा कार्यालयहरु तथा स्थानीय सरकारको ब्यवस्था भए पश्चात विद्यालय तहको अनुगमन तथा  निरिक्षणको कार्यको निरन्तर हुनु विभिन्न परियोजनाहरु जस्तै शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा तथा संस्कृती मन्त्रालय, जनकपुरधाम, शिक्षा विकास तथा समन्वय इकाइ, बारा ,JJYC, सहयात्रा लगायतले वार्षिक सयुंक्त अनुगमन अभ्यास गरिनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् । तर पनि यस क्षेत्रमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ ।

- विद्यालय अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित हुने वातावरण बनाउनु,
- अनुगमन तथा मूल्यांकन पश्चात समीक्षा गरी आवश्यक सुधार सहितको नतिजामूलक बनाउनु,
- अनुगमन तथा मूल्यांकन सम्बन्धी  क्षमता विकास गर्नु,
- अनुगमन तथा  मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय  बनाउनु,

## ६.१.४ उद्देश्यहरुः

यस योजनाले अनुगमन तथा मूल्यांकन सँग सम्बन्धि निम्न लिखित उद्धेश्यहरु राखेको छः

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल नियमित मापन गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनलाई नियमित तथा नतिजामुखी बनाउने ।

## ६.१.५ रणनीतिहरुः

यस योजनाले अनुगमन तथा मूल्यांकनको लागी निम्न लिखित रणनीतिहरु अपनाईनेछः

- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्यांकनको लागि  एक छुट्टै योजना तयारी गरि लागु गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले कम्तिमा हप्ताको एक पटक समय तालिका निर्माण गरी विद्यालयको प्रशासनीक तथा शैक्षिक गतिविधिहरुको बारेमा अनुगमन गर्ने र सोको अभिलेख विद्यालयमा राखी विव्यसको वैठकमा त्यसको समीक्षा गरिने अभ्यासलाई कार्यान्वयन गरिनेछ ।
- अभिभाबकले पनि नियमित रुपमा विद्यालय भम्रण गरी आफ्ना बालबालिकाहरुको सिकाइ अवस्थाको बारेमा छलफल गर्ने । उक्त उपस्थितिको विद्यालयमा रेकर्ड पुस्तिकामा जनाउने र उच्च सहभागीता भएका अभिभाबकलाई बार्षिक रुपमा सम्मान गरिने अभ्यासको शुरुवात गरिने छ ।
- वडा स्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने अभ्यासलाई कार्यान्वियनमा लगिनेछ ।
- विद्यालयको गतिविधिहरुको समग्र पक्षको अनुगमनका लागि शिक्षाको प्राविधिक जनशक्ति  र जनप्रतिनिधि सहित रहने गरी पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार गरी उक्त सयन्त्रका सदस्यहरुबाट कम्तिमा दुई महिनामा एक पटक सबै विद्यालयमा अनिवार्य रुपमा अनुगमन गरी सोको प्रतिवेदन नगर शिक्षा समितिमा छलफल गरिने छ ।

- ❖ हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिनेछ।
- ❖ आवश्यकता अनुसार विज्ञ मार्फत नियमित अनुगमन तथा निरीक्षण हुने ब्यवस्था मिलाइने छ।
- ❖ सूचकहरु तयार पारी सोको आधारमा अनुगमन\सुपरीवेक्षण प्रभावकारी बनाईनेछ।

## ६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- ❖ शिक्षा क्षेत्रको नियमिता तथा योजनाबद्द रुपमा अनुगमन तथा मूल्यांकन प्रणाली लागू भइ विद्यालय शिक्षामा सुधार आउने छ।

### नतिजाहरु

- ❖ शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्यांकनको लागि  एक छुट्टै योजना तयार भएको हुने,
- ❖ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघबाट नियमित अनुगमन भएको हुने,
- ❖ अभिभाबकबाट विद्यालयको नियमित अनुगमन भएको हुने,
- ❖ वडास्तरीय अनुगमन समितिबाट स्थलगत अनुगमनको अभ्यास कार्यान्वयनमा भएको हुने,
- ❖ पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार भइ नियमित अनुगमन भएको हुने,
- ❖ बार्षिक रुपमा विद्यालयको कार्य सम्पादन परीक्षण भएको हुने ,

### प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (पहिलो५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | वि.व्य.स. र शि.अ.स. बाट विद्यालयको पालैपालो नियमति अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | अभिभाबकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभाबक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्यांकन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक सबै विद्यालयको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालयको बार्षिक कार्य सम्पादन परिक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | स्रोत विज्ञ मार्फत नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| ८ | शिक्षा योजनाको प्रगतिको बार्षिक प्रगति तयार तथा | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छलफल कार्यक्रम | | | | | | | |
| ९ | कार्यक्रमका कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद सात: लगानी र स्रोत

## ७.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको अहम भूमिका हुन्छ । कलैया उपमहानगरपालिकाले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । पालिकाले शिक्षामा लगानी गर्दा बालवालिकाको शैक्षिक अवसर , गुणस्तरिय शिक्षा र स्रोत साधनको समतामुलक वितरणमा ध्यान दिनु पर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै कलैया उप-महानगरपालिका र समुदायबाट विगत केही वर्ष देखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजि क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रवन्धका लागि ध्यान दिनु पर्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आंकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

कलैया उपमहानगरपालिकाको आ.व.२०८०/८१ लागि रु. १,५४,३८,६६,२५०/- बजेट अनुमान गरिएको थियो । त्यस मध्ये पनि शिक्षा क्षेत्रमा २.६२ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरेको छ । त्यसमा पनि संघीय सरकार प्रदेश सरकारबाट पनि बजेट तथा कार्यक्रमहरु प्राप्त भइरहेको अवस्था छ । त्यसैगरी अभिभाबकहरुको पनि त्यतिकै लगानी भइरहेको अवस्था छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ ।

आर्थिक स्रोतलाई एकीकृत नगर्नु, कार्यक्रमा दोहोरोपन हुनु, कार्यक्रम कार्यान्वयनलाई नतिजामूलक बनाउन नसक्नु तथा धेरै बजेट ब्यवस्थापन तथा प्रशासनीय क्षेत्रमा सकिनु लगायतका धेरै समस्याहरु रहेका छन् ।

## ७.३ अवसर तथा चुनौतीहरु

विद्यालय शिक्षाका लागि संघीय सरकार तथा प्रदेश सरकारबाट नियमित बजेट प्राप्त हुनु पालिकाबाट पनि शिक्षा क्षेत्रमा पनि बजेट विनियोजन हुनु विभिन्न परियोजनाहरु लागु हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन्। यस्ता अवसरहरु भएता पनि यस क्षेत्रका देखिएका प्रमुख चुनौतीहरुलाई तल प्रस्तुत गरिएको छ।

- विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापनमा वृद्दि गर्ने,
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने,
- कार्यक्रममा दोह्रोरोपन नहुने तथा पालिकाको प्राथमितामा आधारित भइ योजना बनाउने कुराको अभ्यास गर्ने,

## ७.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

- योजना अवधिका लागि आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- विद्यालय शिक्षाका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
- विद्यालय शिक्षाको बजेटमा वृद्दि गर्नु,

## ७.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

- पालिकाले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकता बनाइ शिक्षा क्षेत्रको बजेटमा क्रमश वृद्दि गरिने छ।
- कार्यविधि मार्फत पालिका स्तरीय एक शिक्षा सुधारका लागि एक शैक्षिक कोष निर्माण गरि स्रोतमा वृद्दि गरिनेछ।
- कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधारका लागि पुर्व विद्यार्थी मञ्च वा सहयोग पहल मार्फत विद्यालयको वित्तीय स्रोतमा वृद्दि गरिनेछ।
- गैरसरकारी निकायसँग पहल समन्वय गरी बढी भन्दा बढी परियोजनाहरु लागू गरिनुका साथै उक्त निकायहरुका कार्यक्रमहरु शिक्षा योजनाले प्राथमिकता दिएका क्षेत्रमा हुने कुराको सुनिश्चत गर्न पहल गरिने छ।
- कार्यक्रमको योजना र कार्यान्वयन त्यसको प्राथमिकता र आवश्यकताको आधारममा डुब्लिकेशन नहुने ब्यवस्था मिलाइने छ।
- निकासा गरिएको बजेटको स्थलगत निरीक्षण मार्फत प्रगतिको भेरीफिकेशनको गर्ने अभ्यासको सुरुवात गरिनेछ।
- विद्यालय शिक्षामा अभिभाबकको मानवीय तथा वित्तीय सहभागितामा वृद्दि गरिने छ।

## ७.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

कलैया उपमहानगरपालिकाले तयार गरेको शिक्षा क्षेत्रको योजनामा शिक्षा क्षेत्रलाई प्राप्त हुने बजेटलाई आधार बनाइएको छ। त्यसैगरी बजेटको प्रमुख स्रोतहरुमा तलका निकायहरु रहने अनुमान गरिएको छ ।

- संघीय बजेट
- प्रदेश बजेट
- स्थानीय तहको बजेट
- विभिन्न संघसस्था तथा परियोजनाहरु
- अभिभाबकहरु

यो शिक्षा योजना पाँच बर्षलाई लक्षित गरिएता पनि दश बर्ष सम्म निरन्तर सञ्चालन गर्ने गरी क्रियाकलापहरु तय गरिकाले बजेटको अभाव हुने देखिन्छ। यो योजना अनुरुप पालिकाले हरेक बर्षे बार्षिक कार्ययोजना बनाइ बजेटको ब्यवस्थापन पुनरावलोकन गर्न सक्नेछ। तर पनि हाल कलैया उप-महानगरपालिकाको स्रोतलाई आंकलन गर्दै यस शिक्षा योजनालाई प्रस्तावित बजेट अनुमान गरिएको छ।

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट (५ वर्षको लागी) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | बजेट स्रोत (५ वर्षको जम्मा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | 214188535.4 | 41158125 | 41981287.5 | 42820913.25 | 43677331.52 | 44550878.15 | 193112384 | 749659.874 | 19276968.2 | 1049523.82 | | |
| २ | आधारभुत शिक्षा | 642565606.2 | 123474375 | 125943862.5 | 128462739.8 | 131031994.5 | 133652634.4 | 579337151 | 2248979.62 | 57830904.6 | 3148571.47 | | |
| ३ | माध्यमिक शिक्षा | 321282803.1 | 61737187.5 | 62971931.25 | 64231369.88 | 65515997.27 | 66826317.22 | 289668575 | 1124489.81 | 28915452.3 | 1574285.74 | | |
| ४ | पाठ्यक्रम तथा मूल्यांकन | 64256560.62 | 12347437.5 | 12594386.25 | 12846273.98 | 13103199.45 | 13365263.44 | 57933715.1 | 224897.962 | 5783090.46 | 314857.147 | | |
| ५ | शिक्षक ब्यवस्थापन तथा विकास | 85675414.16 | 16463250 | 16792515 | 17128365.3 | 17470932.61 | 17820351.26 | 77244953.4 | 299863.95 | 7710787.27 | 419809.529 | | |
| ६ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | 42837707.08 | 8231625 | 8396257.5 | 8564182.65 | 8735466.303 | 8910175.629 | 38622476.7 | 149931.975 | 3855393.64 | 209904.765 | | |
| ७ | शिक्षासमावेशि तथा समता | 42837707.08 | 8231625 | 8396257.5 | 8564182.65 | 8735466.303 | 8910175.629 | 38622476.7 | 149931.975 | 3855393.64 | 209904.765 | | |
| ८ | दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | 64256560.62 | 12347437.5 | 12594386.25 | 12846273.98 | 13103199.45 | 13365263.44 | 57933715.1 | 224897.962 | 5783090.46 | 314857.147 | | |
| ९ | छात्रवृति | 42837707.08 | 8231625 | 8396257.5 | 8564182.65 | 8735466.303 | 8910175.629 | 38622476.7 | 149931.975 | 3855393.64 | 209904.765 | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | 42837707.08 | 8231625 | 8396257.5 | 8564182.65 | 8735466.303 | 8910175.629 | 38622476.7 | 149931.975 | 3855393.64 | 209904.765 | | |
| ११ | विद्यालयको भौतिक पुर्वधार विकास | 235607389 | 45273937.5 | 46179416.25 | 47103004.58 | 48045064.67 | 49005965.96 | 212423622 | 824625.861 | 21204665 | 1154476.21 | | |
| १२ | सुचना र प्रविधि | 85675414.16 | 16463250 | 16792515 | 17128365.3 | 17470932.61 | 17820351.26 | 77244953.4 | 299863.95 | 7710787.27 | 419809.529 | | |
| १३ | विद्यालय सुशासन तथा ब्यवस्थापन | 214188535.4 | 41158125 | 41981287.5 | 42820913.25 | 43677331.52 | 44550878.15 | 193112384 | 749659.874 | 19276968.2 | 1049523.82 | | |
| १४ | कार्यान्वयन अनुगमन तथा मुल्यांकन समन्वय तथा सहजीकरण | 42837707.08 | 8231625 | 8396257.5 | 8564182.65 | 8735466.303 | 8910175.629 | 38622476.7 | 149931.975 | 3855393.64 | 209904.765 | | |
| | कुल बजेट रु. | 2141885354 | 411581250 | 419812875 | 428209132.5 | 436773315.2 | 445508781.5 | 1931123835 | 7496598.74 | 192769682 | 10495238.2 | | |

# परिच्छेद आठ: मुख्य उपलब्धी सूचकहरु

| | | अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| क्षेत्र | कार्यक्रम/क्रियाकलाप | २०८० | २०८५ | २०८९ |
| बालविकास | | (%) | (%) | (%) |
| | -सिकाईका ६ कुना निर्माण | - | ५० | ५० |
| | -बालविकास सहजकर्तालाई क्षमता विकास तालिम | - | ५० | ५० |
| | -बाल बगैचा निर्माण | - | ५० | ५० |
| आधारभूत (१-८) | सिकाई उपलब्धि कम रहेका अंग्रेजी, गणित तथा विज्ञान विषयको सिकाई उपलब्धि वृद्धि गर्ने | - | ३० | ६० |
| | शिक्षक व्यवस्थापन | - | ५० | ५० |
| | शिक्षक पेशागत विकास  तालिम | - | ५० | ५० |
| माध्यमिक (९-१०) | शिक्षक व्यवस्थापन | - | ५० | ५० |
| | शिक्षक पेशागत विकास तालिम | - | ५० | ५० |
| | कार्यक्षमताको आधारमा प्रोत्साहन | - | ५० | ५० |
| माध्यमिक (११-१२) | शिक्षक व्यवस्थापन | - | ५० | ५० |
| | शिक्षक पेशागत विकास तालिम | - | ५० | ५० |
| | कार्यक्षमताको आधारमा प्रोत्साहन | - | ५० | ५० |
| पाठ्यक्रम र मुल्यांकन | स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग | - | ५० | ५० |
| | निरन्तर मुल्यांकन प्रणाली कार्यन्वयन | - | १०० | १०० |
| | कक्षा ५ को नगर स्तरीय परीक्षा | - | १०० | १०० |
| अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाई | सामुदायिक तथा घुम्ती पुताकालय निर्माण | - | ५० | ५० |
| | सघन साक्षरता अभियान | - | १०० | १०० |
| शैक्षिक समता र समावेशिता | किशोरी शिक्षा | - | ५० | १०० |
| | मनोसामाजिक परामर्श | १० | ६० | ३० |

| क्षेत्र | कार्यक्रम/क्रियाकलाप | २०८० | २०८५ | २०८९ |
|---|---|---|---|---|
| | | (%) | (%) | (%) |
| दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | -कोठा र सामग्री व्यवस्थापन | - | ५० | १०० |
| | -भान्से व्यवस्थापन | - | ५० | १०० |
| आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | -बिपत व्यवस्थापन योजना निर्माण | - | ५० | ५० |
| | -डिजिटल सिकाई सामग्री व्यवथापन | - | ५० | ५० |
| | -कस्टमाइज शिक्षण | - | ५० | ५० |
| सूचना तथा संचार प्रबिधि | -बिद्यालयमा इन्टरनेट जडान | - | ५० | ५० |
| | -कम्प्युटर ल्याब व्यवस्थापन | - | ५० | ५० |
| | -डिजिटल सिकाई सामग्री विकास | - | ५० | ५० |
| सु-शासन तथा व्यवस्थापन | -बि.व्य.स. गठन | - | ५० | ५० |
| | -सामाजिक लेखापरीक्षण | - | ५० | ५० |
| | -बाल क्लब गठन | - | ५० | ५० |
| स्थानीय शिक्षा योजना कार्यन्वयनको प्रबन्ध | -नगर शिक्षा ऐन तथा नियमावली संशोधन र परिमार्जन | - | १०० | १०० |
| | -बिद्यालय सुधार योजना निर्माण | ५० | ५० | १०० |
| अनुगमन तथा मुल्यांकन | -संयन्त्र निर्माण,अनुगमन तथा सुपरिवेक्षण | २० | ६० | १०० |
| | -बिद्यार्थी उपलब्धि विश्लेषण तथा परामर्श | ३० | ७० | १०० |
| लगानी तथा श्रोत व्यवस्थापन | -सरोकारवालाको सहभागिता | २० | ५० | १०० |
| | -विभिन्न संघ संस्थासंग सहकार्य | १० | ६० | १०० |
| | -अक्षय कोष स्थापना | ४ | ४६ | १०० |